राष्ट्र, राष्ट्रियता र जनताका लागि

# कदर पाक्षिक

■ वर्ष ६ ■ अंक १० ■ २०७७, भाद्र १-१५ (Aug. 17-31, 2020) मूल्य रू. १५।-

## पार्टीभित्र नयाँ सिनारियो देखिने छ - प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले नेकपाभित्र जस्ता खालका विवाद देखिए पनि पार्टी विभाजन नहुने बताएका छन् । पार्टीभित्रको विवाद ठूलो समस्या नभएको र आफूले एकता बचाउन चुप बसेर कोसिस गरिरहेको प्रधानमन्त्रीको भनाइ छ ।

अन्नपूर्ण मिडिया नेटवर्कको एपीवान एचडी टेलिभिजनमा सुरु भएको कार्यक्रम द बाभ्रो डेल्टा सो का लागि पत्रकार भूषण दाहाललाई अन्तर्वार्ता दिदै नेकपा अध्यक्ष ओलीले अबको ५ दिनभित्रै पार्टीभित्र नया सिनारियो देखिने उल्लेख गरे ।

म कसैप्रति आरोप लगाइरहेको छैन । अस्ति पत्रकार सम्मेलन भयो । मैले कुनै जवाफ पनि दिइना । तपाई देखिरहनु भएको छ,

बाँकी पृष्ठ १० मा

# हुम्लाको ताजाकोटमा २३ घर पहिरोमा पुरिए अझै १७० घर उच्च जोखिममा



काठमाडौं । लगातार आएको बर्षाका कारण हुम्लाको ताजाकोटमा पहिरो गएको छ । बिहान करिब ३ बजेतिर हुम्ला जिल्लाको ताजाकोट गाउपालिका वडा नम्बर ३ मा लगातार १ महिना देखि परेको अविरल वर्षाका कारण करिब ३ सय घरबस्ती विस्थापित भएका छन । पहिरोबाट गाउपालिकाको कार्यलयदेखि धर्मोदय मा. वि. का ५ वटा भवन, चन्द्रप्रकाश मा. वि. को भवन, २ ओटा नि. मा. वि., रामदेव नि.मा.वि. र जनप्रकाश नि.मा.वि. र ३ र ४ को वडा कार्यालय समेत सोही पहिरोले बगाएको र बाकी रहेका संरचना समेत भत्काउनुका साथै १५ घर पूर्णरुपमा पहिरोले बगाएर लगेको जानकारी स्थानीयबासी मोहनलाल सुनारले कदर लाई फोन मार्फत् जानकारी गराएका छन् । सुनारका अनुसार पहिरोका कारण करोडौको धनमाल क्षेतीका साथै स्थानीयले लगाएको खेती मकै, कोदो, धान, जनालो, फापर, कागुनो, जौ लगाएको खेती योग्य जमिन समेत पहिरोमा पुरिएको बताए ।

बाँकी पृष्ठ १० मा

## शैक्षिक संस्था, सेमिनार, पार्टी प्यालेस, सैलुन, पुस्तकालय अर्को सूचना नभएसम्म बन्द

काठमाण्डौं । पछिल्लो समयमा कोरोना भाइरसका संक्रमिण बढ्न थाले पछि सरकारले शैक्षिक संस्था अनिश्चितकालका लागि बन्द गरेको छ ।

कोरोना जोखिम रहेकोले अर्को सूचना जारी नभएसम्म शैक्षिक संस्था बन्द नै रहने सरकारका प्रवक्ता युवराज खतिवडाले जानकारी दिएका छन् ।

मन्त्रिपरिषदले गरेको निर्णय सार्वजनिक गर्दै खतिवडाले भने, शैक्षिक संस्था, सेमिनार, पार्टी प्यालेस, सैलुन, पुस्तकालय अर्को सूचना नभएसम्म बन्द रहने निर्णय भएको छ ।

काठमाडौं उपत्यका र २०० भन्दा बढी कोरोना संक्रमित भएका जिल्लामा जनतासाग प्रत्यक्ष जोडिएर दिने सेवा प्रवाहका काम सकेसम्म

बाँकी पृष्ठ १० मा

## बनावटी खर्च विवरण बनाएर खुलेआम संस्थागत भ्रष्टाचार

कैलाली । विश्व मानवजातीलाई नै प्रभाव पार्दै फैलिरहेको कोरोना संक्रमणको अवस्था नागरिक तथा बौद्धिक समुदाय घरमा रहेको मौका पारेर सरकारका निकायहरु भुट्टा खर्च विवरणहरु, बनावटी खर्च शिर्षकहरु राखेर खुलेयाम संस्थागत भ्रष्टाचारको बाटोमा बढेको भन्दै नेकपा (माओवादी केन्द्र) ले जिल्ला स्थित प्रशासन, प्रहरी, अख्तियार अनुसन्धान आयोग र अन्य सरोकार वाला निकायहरुको ध्यानाकर्षण गराएको छ ।

संस्थागत भष्टाचारीहरुलाई कडा कारबाहीको माग गर्दै नेकपा (माओवादी केन्द्र) सुदूरपश्चिम प्रदेशले जारी गरेको प्रेस वक्तव्यमा कैलालीको बर्दगोरिया गाउपालिका लगायतका स्थानीय निकायमा छुट्टा खर्च शिर्षकहरु राखेर व्यापक भ्रष्टाचार भएको भन्दै सम्बन्धीत निकायलाई त्यसको अनुसन्धान गर्न माग गरेको हो ।
नेकपा (माओवादी केन्द्र) का केन्द्रीय उपाध्यक्ष तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज रंगनाथ ढकाल र प्रदेश संयोजक लोकेशढ्वारा संयुक्त रुपमा जारी गरिएको प्रेस वक्तव्यमा बर्दगोरिया गाउपालिकाको हिजो सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको आय-व्याय विवरण तथ्यहिन, मनोगत र छुट खर्च शिर्षक समावेश गरिएको जनाउदै त्यसमा अनुसन्धानको माग गरिएको छ ।

माओवादी केन्द्रले आफ्नो पार्टी राष्ट्रियता, जनतन्त्र, जनजीवीकाका समस्याहरुको विषयलाई नजिकबाट नियाली रहेको भन्दै पछिल्लो चरणमा सरकारी संयक्तबाटै विकास निर्माण र स्थानीय कार्यक्रमहरुको बजेटलाई कमाउ

बाँकी पृष्ठ १० मा

## उच्च अदालत पाटनद्धारा लगानी बोर्डको कार्यकारी अधिकृतको नियुक्ति कार्यान्वयन नगर्न आदेश

काठमाण्डौं । सरकारले हालै मात्र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा सुशील भट्टलाई नियुक्त गरेपछि उनी विवादमा मात्र परेनन् उनलाई नियुक्तीको बिरोध समेत आइरहेको बेला उच्च अदालत पाटनले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा सुशील भट्टलाई नियुक्त गर्ने मन्त्रिपरिषदको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

मुख्य न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले साउन ३२ गते हिजोसम्मका लागि

बाँकी पृष्ठ १० मा

## कोरोना लकडाउन र सरकारी रबैया



पाक्षिक स्तम्भ

समर रोकाया

कोरोना भाइरसका कारण लगाइएको लकडाउनले नेपाली जनताले पाउन सम्म दुःख पाएका छन् । बिहान र बेलुका गुजारा गरेर छाक टार्नेहरुका लागि त एक गास खाना नपाएरै मर्न विवस भइसकेका छन् । एक त नेपाल गरिब मुलुक हो, त्यसमा पनि कोरोना महामारीले घरभित्रै बस्नु के पकाउन लाई चामलको गेडो पनि छैन, घर बाहिर जाऔं सरकारले निस्कनै दिन्न, गएर पनि कहा जाने दोधारे बिडम्बनामा चेपिएको छ नेपालीको जिन्दगी ? यो आपत्ति माथिको सामाधन कहिले र कसले गरिदेला भनेर जनता घरभित्र छट्पटिरहेका छन् । दिनदिनै कोरोना संक्रमिण बिरामी बढ्ने क्रम जारी छ तर ति बिरामीलाई राख्ने न राम्रो आइसोलेसन को व्यवस्था छ न विदेशबाट आएका र एक जिल्लाबाट अर्को जिल्लामा गएकाहरुलाई राम्रो बन्दोबस्तोको क्वारेन्टाइनको व्यवस्था छ । सरकारले बनाएको क्वारेन्टाननै कोरोना संक्रमिण उत्पादन गर्ने अखडा नै बन्न पुगेका छन् ।

राज्यको यस्तो व्यवस्थाप्रति जनता आजित भएको बेला अझै राज्य भन्दैछ १४ दिन, २१ दिन क्वारेन्टाइनमा बस्नुपर्छ नत्र घर जान पाइन्न । जनताको स्वास्थ्यमाथि खेलवाड गर्ने

बाँकी पृष्ठ १० मा

संसार छोड्दैमा ईश्वर मिल्दैन। - ओशो

कदर मिडिया प्रा.लि. द्वारा प्रकाशित

जि.प्र.का.काठमाण्डौं । द.नं: ८०/०७१/०७२

कदर पाक्षिक

अध्यक्ष/प्रधान-सम्पादक
; d/ /f]sfof

सम्पादक
तारादेवी कार्की (रोकाया)

सल्लाकार
मिनबहादुर शाही

कानुनी सल्लाकार
एन. के. बस्नेत

प्रमुख संवादाता
कृष्णबहादुर कार्की

व्यवस्थापक
अनिल बोहोरा

मुद्रण : पुष्पाञ्जली छापाखाना,अनामनगर, काठमाडौं

सम्पर्क कार्यालय
चनपा-१२, चुनदेवी, बलम्बु, काठमाण्डौं
मोबाइल : ९८४९८३०५२६, ९८४७६४५६३६, ९८१८६४५१५०
E-mail :–
kadarp792@gmail.com
kardarmida@gmail.com
kadarnews@gmail.com
Web :– www.kadarnews.com

काठमाडौं वितरक
धर्मपथ, न्यूरोड

# सम्पादकीय

## कोरोना संक्रमिणलाई बेडको सहजीकरण गरौं

कोरोना संक्रमणको बढ्दो संख्या सागै प्रयाप्त आसोलेसन र छुट्नै कोभिड बेटको व्यवस्थापन नहुादा कोरोना संक्रमण भएका बिरामीहरुलाई उपचार गर्न समस्या भएको छ। धेरै जसो कोरोना संक्रमिण होम ओसोलेसनमा बसेर नै उपचार गराइरहेका छन्। तर सरकाले यस्तो अवस्थामा निजी अस्पताललाई समेत प्रयोग गरेर कोभिड व्यवस्थापनको गर्नु पर्ने देखिन्छ।

यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना संक्रमितको संख्या बढ्दै गएको भन्दै  निजी अस्पतालका २० प्रतिशत बेड कोभिड व्यवस्थापनको लागि छुट्याउन समेत भनिसकेको छ। हुनत नेपालमा भोभिड अस्पताल २ वटा मात्र छन्। त्यसमा पनि कोरोना संक्रमिण बिरामी भरिसकेको छन्। अब आउने संक्रमिणलाई राख्ने ठाउाको विकल्पका रुपमा एक मात्र विकल्प हो निजी अस्पताल। पछिल्लो चरणमा काठमाडौं उपत्यकाका कोरोना संक्रमणका बिरामी थपिन थालेपछि अस्पतालमा बेड अभाव हुादै गएको छ। सरकारी स्वामित्वमा रहेका सबै अस्पताल र केही निजी अस्पतालमा समेत कोरोना बिरामीका संक्रमिणले बेड भरिएको बेला अब आउने सक्ने सम्भाव्य समस्यालाई टार्नका लागि अरु निजी क्षेत्रका अस्पताहरुमा २० प्रतिशत बेडहरु कोभिड व्यवस्थापनको लागि राख्नुहुन सबैलाई अपिल गरिएको पनि छ। त्यसैले यस मानव महामारीमा निजी क्षेत्रका अस्पतालले पनि मानवताको ख्याल गरी बेडको व्यवस्था गरेर कोभिड संक्रमिणको उपचारमा सहजता अपनाउनु उनीहरुको पनि कर्तव्य ठहरिन्छ।

पाक्षिक फोटो फिचर

सिन्धुपाल्चोकको लिदिमा गएको पहिरोबाट क्षतिग्रस्त घरहरु



# कम्युनिष्ट पार्टीमा नीति र नेताको सम्बन्धः गाडी र कुशल चालकको जस्तो

दृष्टिकोण
कृष्णदाश श्रेष्ठ



कम्युनिष्ट पार्टीमा नीति र नेताको माझमा कस्तो सम्बन्ध रहेको हुन्छ ? तिनको सम्बन्धबारे केही कम्युनिष्ट कार्यकर्ताहरु भ्रम र अस्पष्टतामा रहेको पाइएको छ। ती कार्यकर्ताहरु माझ विभिन्न रुपमा प्रकट हुने गरेको उक्त भ्रमले केही समयअघि आफूलाई एउटा प्रस्थापनाको रुपमा व्यक्त गरेको छ। नेपाल कम्युनिष्ट पार्टीको अखिल नेपाल चौथो सम्मेलनमा कमरेड पुष्पलालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उक्त प्रस्थान यस रुपमा प्रस्तुत भएको छ। हाम्रो निम्ति नेता प्रधान नभई नीति प्रधान हुन्छ। आफूलाई कमरेड पुष्पलाल समर्थक र अनुयायी ठान्नेहरुको एउटा जमातले उक्त भनाइलाई उहााको एउटा महान् वाणीको रुपमा समय समयमा उद्धृत गर्ने गरेको छ। नीति प्रधान हो, नेता प्रधान होइन' को रुपमा त्यसको प्रचार गरिएको छ। मार्क्सवाद -लेनिनवादीहरुले राजनीतिक कार्यदिशा र त्यसको ठोस अभिव्यक्ति स्वरुप रहेका नीतिहरु सही, उचित तथा यथार्थवादी हुनुपर्ने कुरामा सधैंभरि जोड दिने गरेका छन्।

अनेकौं अवसरमा माओत्सेतुङले कुन कुरालाई जोडका साथ देखाउनुभएको छ भने वैचारिक तथा राजनीतिक दिशा सही छ कि छैन भन्ने कुराले सबथोको निर्णय गर्छ। त्यसका साथै उहााले के पनि भन्नु भएको छ भने जहाज चलाउने कुरा कर्णधारमाथि निर्भर गर्दछ, (Sailing the ship depends upon the helmsman)। यसमा नेतृत्वको अहम् महत्वलाई दर्शाइएको छ। जहाासम्म पुष्पलालको माथि उद्धृत भनाइमा नीतिको (जुन कार्यदिशा ठोस मूर्तिकरण हो) औचित्यमाथि जोड दिइएको छ, त्यो विल्कुल सही छ। तर उक्त भनाइमा नीतिलाई नेताको (नेतृत्वको) विरुद्ध उभ्याउने र नीतिलाई माथि राख्न नेतृत्वको महत्वलाई गौण स्थानमा राख्ने काम जसरी गरिएको छ त्यो विल्कुल गलत छ र मार्क्सवाद सहमत छैन। राजनीतिक कार्यदिशाले सबै कुराको फैसला गर्छ भन्ने मार्क्सवादी प्रस्थापनाले कार्यदिशा र नीतिको अहृम महत्वलाई स्पष्टसित दर्शाउाछ। तर कार्यदिशा र नीतिको निर्धारण खाली घोषणाको रुपमा वा कागजमा लेख्नको लागि मात्र गरिएको हुादैन। बरु व्यवहारमा कार्यान्वयन गर्नका लागि कार्य रुपमा परिणत गर्नका लागि गरिएको हुन्छ।

यदि त्यसलाई व्यवहारमा कार्यन्वयन गरिएन भने, यदि त्यसको कार्यान्वयनको व्यवस्था मिलाइएन भने त्यो मात्र कागजको खोस्टा रहने छ। अर्थात् निरर्थक रहनेछ। त्यसैले नीतिको प्रतिवादन गर्ने काम जति महत्वपूर्ण छ, सही कार्यदिशा र नीतिको निर्धारणपछि त्यसको उचित तथा सफल कार्यन्वयन हुन्छ कि हुादैन भन्ने कुरा नेतृत्वको तर्फबाट गरिने व्यवस्था र सांगठनिक कार्यक्रममा निर्भर गर्दछ। उपर्युक्त तथ्यले नेतृत्वको अहम् महत्वलाई स्पष्टसित देखाउछ। तसर्थ, माथि उद्धृतका पुष्पलालको भनाइमा नीतिको सम्बन्धमा नेताको महत्वको अवमूल्यन गर्ने जुन प्रवृत्ति रहेको छ, त्यो विल्कुल गलत छ। त्यो सिद्धान्त मात्र ओइन, व्यवहारिक दृष्टिकोणबाट पनि गलत छ। गलत तत्वहरुको (उदाहरणार्थ, अवसरवादी, समर्पणवादी तथा राजावादी तत्वहरुको) हातमा नेपाल कम्युनिष्ट पार्टीको नेतृत्व पर्नाको फलस्वरुप उक्त पार्टी र सम्पूर्ण नेपाली कम्युनिष्ट आन्दोलन विश्रृङ्खलित तथा विखण्डित भएको हाम्रो ऐतिहासिक अनुभव छ।

अर्को कुरा नीति सही भएर पनि यदि नेतृत्व ठीक छैन भने अर्थात् अझ स्पष्टरुपमा नीति क्रान्तिकारी भए पनि यदि नेतृत्व अवसरवादी तत्वहरुको आहालमा रहन्छ भने सो नीति पूर्ण रुपले असफल रहन्छ वा त्यो कागजी मात्र रहन जान्छ। त्यस सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टीको आफ्नो एउटा ऐतिहासिक अनुभवको यहाा उल्लेख गर्नु प्रासांगिक छ। नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशनमा (२०१३) दक्षिणपंथी अवसरवादी रायमाझी डफ्फाको बाहुल्यता रहन गयो र सो नेतृत्वले आफ्नै अवसरवादी राजावादी कार्यदिशालाई अगाडि बढाउने काम गर्यो। उक्त अनुभवले कुन तथ्यलाई स्पष्टसित देखाउाछ भने पार्टीलाई सही दिशामा अघि बढाउने काममा नेताहरुको अहम् भूमिका रहन्छ। साधारण भाषामा भन्ने हो भने गाडी मात्र ठीक भएर हुादैन, गाडी चलाउने ड्राइभर पनि योग्य, सक्षम, कुशल र जिम्मेदारीको भाव भएको हुनु पर्छ। राजनीतिक कार्यदिशाा र नीतिहरुको सम्बन्ध दिशाबोधसित रहेको हुन्छ।

एउटा सपष्ट तथ्य के छ भने दिशा गलत भएको खण्डमा हिंड्ने मान्छे आफ्नो गन्तव्य ठाउंमा पुग्दैन र जुन उद्देश्य लिएर काम गरिरहेको हुन्छ, सो उदेश्य पूरा हुादैन। तसर्थ नीतिको अहम् महत्व छ भन्ने कुरामा दुई मत हुन सक्तैन। तर नीतिको अहम् महत्व रहे पनि नीतिले आफ्नो अहम् महत्वलाई स्थापित गर्नका लागि नेतृत्वमाथि दुई दृष्टिबाट आफूलाई निर्भर पारेको हुन्छ। १० सशक्त, सही र सुसंगत रुपम नीतिको उत्पादन हुनका लागि, २० निर्धारित नीतिको सही,सक्षम र इमान्दारीपूर्ण ढंगले कार्यान्वयन हुनका लागि कुन तथ्य ध्यानयोग्य छ भने नीति आफैं आकाशबाट झर्ने होइन, तयसको प्रतिपादन गर्ने नेताहरु हुन् र नीति आफै कदापि कार्यानव्यन हुादैन। त्यसलाई कार्यान्वयन गर्ने पनि नेताहरु नै हुन्। यस तथ्यले पार्टी नेताहरुको अहम् भूमिकालाई स्पष्टसित देखाउाछ, जुन भूमिका मुख्य रुपमा दुईवटा कुरामा रहन्छ। नीतिको निर्धारण गर्न र नीतिको कार्यान्वयन गर्न। उरोक्त तथ्यबाट कुन कुरा स्पष्ट हुन्छ भने नीतिलाई प्राथमिक र नेतृत्वलाई गौण रुपमा लिने वा नीति र नेतालाई एकअर्काका विरुद्ध उभ्याउने वा नीतिको सम्बन्धमा नेताको कम मूल्यांकन गर्ने, विचार जुन माथि उद्धृत भनाइमा व्यक्त गरिएको छ त्यो विल्कुल गलत छ।

अन्त्यमा, नेतृत्वको महत्व र कामको सम्बन्धमा स्पष्ट पार्न तल हामी माओत्सेतुङको एउटा महत्वपूर्ण भनाइलाई उद्धृत गर्दछौं। चिनियाा कम्युनिष्ट पार्टीको भूमिका शीर्षकको आफ्नो रचनामा उहााले भन्नुभएको छ। अन्तिम विश्लेषणमा, नेतृत्वका दुईवटा मुख्य जिम्मेदारीहरु छन्, ती हुन्छ विचारको प्रतिपादन गर्नु, कार्यकर्ताहरुको राम्रो उपयोग गर्नु। योजना बनाउने, निर्णय लिने, आदेश वा निर्देशनहरु दिने जस्ता कामहरु विचारहरुको प्रतिपादनको श्रेणीमा पर्दछन्। विचारलाई व्यवहारमा उतार्नका लागि हामीले कार्यकर्ताहरुलाई संगठित गर्नुपर्दछ, र उनीहरुलाई कार्वाहीमा जानका लागि प्रोत्साहित गर्नुपर्दछ। यो कार्यकर्ताहरुको राम्रो उपयोगको श्रेणीमा पर्दछ। (माओ, चनिएका रचना, भाग २, पृष्ठ २०२० )

(लेखक श्रेष्ठ, कम्युनिष्ट विचार र आन्दोलनका विविभ पक्षमा लेखहरु लेख्ने गर्दछन। उनी सामाजिक रुपान्तरणको राजनीतिक अभियानमा समेत जोडिएका छन।)

## विचार स्तम्भ



मैले जति विधान मिच्न सकेँ, त्यति नै बलवान सभापति ठहर्छु भन्ने उहाँको मानसिकता स्तो छ।

**रामचन्द्र पौडेल**
**वरिष्ठ नेता, नेकाँ**



पार्टीमा सैद्धान्तिक भन्दा पनि व्यक्तिगत टकरावका कारण समस्या पैदा भएको हो।

अमृत कुमार बोहोरा
**अनुशासन आयोगका अध्यक्ष (नेकपा)**

# तत्कालीन नेकपा माओवादी (केन्द्र) तत्कालनी ( एमाले ) मा खानकै लागि गएको हो



**हस्तबहादुर केसी**

दश वर्षे जनयुद्धको नेतृत्व गरेका तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र ) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ले नेतृत्व गरेको नेपाली माओवादी आन्दोलनको सबैभन्दा ठूलो समुह नीति , विचार ,सिध्दान्त , दर्शन , पार्टीले अंगिकार गर्दै आएको मालेमावादी पथप्रदर्शक सिध्दान्त , नेपाली नयाा जनवादी क्रान्तिको कार्यक्रम , कार्यदिशा , रणनीति , कार्यनीति , लक्ष्य, उद्देश्यहरु सबै काल्नोमुनि फ्यााकेर साथै सिध्दान्त बिहिन , विचार बिहिन भएर पहिले आफैंले प्रतिक्रियावादी घोषणा गरेको पार्टी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( एमाले ) मा खानकै लागि गएको हो ।

अहिले नेपाल कम्युनिस्ट पार्टीका दोस्रो अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बन्नका लागि भूपू एमालेका नेताहरु माधवकुमार नेपाल , झलनाथ खनाल , वामदेव गौतमहरुसित अनुणय विणय गर्दै , रोइकराई गर्दै हिड्नु , वर्तमान सत्ताधारी नेकपाका पहिलो अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले सम्हालिरहेको प्रधानमन्त्री पद खोसेर आफूले खानका निम्ति पार्टी भित्र पुराना माओवादीका नेता , कार्यकर्ताहरुका बीचमा अलग्गै गुट चलाउनु , कहिले माधवकुमार नेपाल , झलनाथ खनाल र वामदेव गौतम लगायतका केपीबाट असुन्तुष्ट बनेका र मन्त्री , सभाषद् वा अन्य पदपोष्ट नपाएर , केपी ओलीले नदिएर पन्छ्याइएका वा प्रधानमन्त्री केपी ओलीका हनुमन्ते बनेर मुलुकको राष्ट्रिय सम्पत्ति लुट्न नपाएकाहरुलई समेटेर गुटबनाउने र केपी ओलीबाट प्रधानमन्त्री खोसेर बााकी दुई वर्ष देशमा ब्रहृमलुट मच्चाउनलागि मरिहत्ते गर्दै हिड्ने ,प्रधानमन्त्री बन्न सहयोग लिनका निम्ति कहिले वामदेव गौतमलाई संघीय संसदमा चुनावद्वारा ल्याउने र प्रधानमन्त्री बनाई दिने भनेर प्रोलोभन देखाएर उक्साइदिने , कहिले वामदेव गौतमलाई राष्ट्रिय सभामा लगेर संबिधान संशोधन गरेर भए पनि प्रधानमन्त्री बनाई दिने भनेर उचालिदिने ।

त्यति गर्दा पनि केपी ओलीलाई गल्हत्यार प्रधानमन्त्री बन्न नसके पछि माधवकुमार नेपाल , झलनाथ खनाल र वामदेव गौतमको गुटबाट अलगिएर ओली गुटमा सामेल भएर केपी ओलीलाई लिएर प्रधानमन्त्रीका लागि राष्ट्रपति विद्या देवी भण्डारी लाई गुहार्न सितल निवास चाहार्दै हिड्नु नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालको ४२ औं स्मृति दिवसमा प्रधानमन्त्री पद नपाउने स्पष्ट भए पछि पार्टी भित्रका सबै असुन्तुष्टि छताछुल्ल पारेको परि दृश्य देख्नुबाट प्रष्टै देखिन्छ कि माओवादी आन्दोलनबाट भागेर ,क्रान्ति , श्रान्ति सबलाई गोली मारेर गुर्कुचि मार्दै , पुच्छर ठड्यार

एमालेमा गएका हुन भन्ने कुरा प्रमाणित भएको छ ।
सरकारमा जाने र खाने कमाउने भनेर २०७५ साल जेठ ३ गते पार्टी

आफूलाई धेरै बाठो भएको ठान्ने प्रचण्डलाई पनि भुलाउन माहिर केपी ओली पर्नु भए छ र भद्र सहमति कार्यान्वयन नगरि दिए पछि प्रचण्डकरो निद्रा हराम भयो र

मन्त्रालयहरु दिएकै छन्, गोर्खाबाट चुनाव हारेको, गोर्खाली जनताबाट आइसुलेट गरिएको ब्यक्ति नारायण काजी प्रकाश लाई भत्ता खुवाउनै का लागि, राष्ट्रियसभामा लिए कै छन् । दोस्रो दर्जाको अध्यक्ष प्रचण्डलाई दिएकै छन् । एमालेमा गएर ज्यान पाल्नकै निम्ति रोई कराई गरेर , पद, पोष्ट, पैसो कै ि

> अहिले नेपाल कम्युनिस्ट पार्टीका दोस्रो अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बन्नका लागि भूपू एमालेका नेताहरु माधवकुमार नेपाल , झलनाथ खनाल , वामदेव गौतमहरुसित अनुणय विणय गर्दै , रोइकराई गर्दै हिड्नु , वर्तमान सत्ताधारी नेकपाका पहिलो अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले सम्हालिरहेको प्रधानमन्त्री पद खोसेर आफूले खानका निम्ति पार्टी भित्र पुराना माओवादीका नेता , कार्यकर्ताहरुका बीचमा अलग्गै गुट चलाउनु , कहिले माधवकुमार नेपाल , झलनाथ खनाल र वामदेव गौतम लगायतका केपीबाट असुन्तुष्ट बनेका र मन्त्री , सभाषद् वा अन्य पदपोष्ट नपाएर , केपी ओलीले नदिएर पन्छ्याइएका वा प्रधानमन्त्री केपी ओलीका हनुमन्ते बनेर मुलुकको राष्ट्रिय सम्पत्ति लुट्न नपाएकाहरुलई समेटेर गुटबनाउने र केपी ओलीबाट प्रधानमन्त्री खोसेर बााकी दुई वर्ष देशमा ब्रहृमलुट मच्चाउनलागि मरिहत्ते गर्दै हिड्ने ,प्रधानमन्त्री बन्न सहयोग लिनका निम्ति कहिले वामदेव गौतमलाई संघीय संसदमा चुनावद्वारा ल्याउने र प्रधानमन्त्री बनाई दिने भनेर प्रोलोभन देखाएर उक्साइदिने , कहिले वामदेव गौतमलाई राष्ट्रिय सभामा लगेर संबिधान संशोधन गरेर भए पनि प्रधानमन्त्री बनाई दिने भनेर उचालिदिने ।

एकताको नाम दिएर माओवादी आन्दोलन भित्रको ठूलै समुह

तत्कालीन एमालेमा विलय भएको थियो ।

पार्टी एकता हुनुभन्दा १ दिन पहिले अर्थात् २०७५ साल जेठ २ गते केपी ओली र प्रचण्ड बीच प्रधानमन्त्री आलो पालो आधा आधा समय प्रधानमन्त्री बन्ने भनेर उनीहरूकै संसदीय भाषामा भद्र सहमति ( गोप्य ) गरेका रहे छन् । यो अत्यन्तै अवसरवादी तरिका हो । यो बुर्जुवाहरुले प्रतिष्प्रधिलाई प्रलोभन देखाएर , गुलीया मिठाइा देखाई दिएर भुलाई दिने तरिका हो । यो दुनियाामा

माधव, झलनाथ ,वामदेव लाई

गुहारेर, भारत भनेको हामी हौा , हामी भनेका पनि हामी नै हौा भनेर केपीलाई धम्क्याएर पनि प्रधानमन्त्री पद नझरे पछि अहिले प्रचण्ड भन्दैछन् । एमाले सुद्रिएन भने पार्टी फुट्छ, भन्दै धम्क्याउदै हिडेका छन् र दुनियाालाई हासाएका छन् प्रचण्डले । खाने भनेरै महान् दश वर्षे जनयुद्धका विरासत र उपलब्धिहरु मिल्काइई दिने , नेपाली क्रान्तिलाई लत्याई दिने , नेपाली जनतालाई गंभीर प्रकारको धोका दिएर खानकै लागि आएकाहरु ले पनि दिदै नदिएका त होइनन्, गृह मन्त्रालय, उर्जा, वन, खानेपानी जस्ता ब्यापक भ्रष्टाचार गर्न सक्ने

नम्ति मरिहत्ते गर्दै हिडेकाले प्रचण्ड र प्रचण्ड समुहले समग्र माओवादी आन्दोलनलाई बदनाम तुल्याएका छन् । विश्व भरकै क्रान्तिकारी कम्युनिस्टहरूलाई बदनाम तुल्याउादै हिडेका छन् ।

प्रचण्ड समुहकै कारणले गर्दा आज नेपालका क्रान्तिकारी माओवादीहरु र अन्य क्रान्तिकारी कम्युनिस्टहरूलाई कम्युनिस्ट हुा भनेर थाती खोलेर हिड्न ,दुनियााका सामु मुख लेखाउन गाह्रो भइरहेको छ । तर खाएर कहिल्यै नअघाउने प्रचण्डलाई उनले मागेको खान दिनु पर्थ्यो । किनभने माधव कुमार नेपाल, झलनाथ खनाल ,केपी ओलीलाई प्रधानमन्त्री बनाई दिएको प्रचण्डले नै हो । नत्र माधव कुमार

नेपाल, झलनाथ खनाल, केपी ओलीहरु जिन्दगीमा प्रधानमन्त्री बन्ने कुनै सम्भावना थिनन् , यो दुनियााले देखेकै कुरा हो । प्रचण्ड–केपीहरुलाई कुनै लाज सरम छैन । कोरोना भाइरस ( COVID 19 ) को कहरले नेपाली जनता त्राही त्राही भइरहेको अवस्थामा , जनतालाई ज्यान जोगाउन कठिन भइरहेको अवस्थामा ,मुलुकको आर्थिक अवस्था डामाडोल भइरहेको अवस्थामा, रोजगारी गुमाएर हाम्रा मजदुर दाजुभाइ दिदीबहिनीहरु घर फर्किरहेको अवस्थामा उनीहरूको व्यवस्थापन गर्नुपर्ने बेलामा , स्कुल , कलेज हरु बन्द छन् , यातायात बन्द छ , जनताको अभिभावकत्व प्रदान गर्ने बेलामा सत्ता रुढ नेकपा भित्र , प्रचण्ड र केपी ओलीका बिचमा कुर्सी तानाको अवस्था छ , पदका लागि हानाहान छ ।
अरुलाई के को चिन्ता घर जुवााइलाई खानकै चिन्ता भने झै कोरोना सोरोनाले जाबो जनता मरोस कि बााचोस , कहिले सत्तामा पुग्ने र सत्ताको बिलो लुछाचुडी गर्ने कुकुरे कलहमा जीवन हालिरहेकाले दुनियाालाई हराउने काम प्रचण्ड केपीहरुले, भूपू एमालेहरुले, भूपू माओवादीहरुले गरिरहेका छ । विचरा भोका मनुवाहरु ।
( लेखक : क्रान्तिकारी माओवादीको केन्द्रीय मुखपत्र (माओवादी) का सम्पादक हुन ) ।

# राज्यसत्ताका प्रमुख नै भ्रष्ट भए पछि जो कुनै व्यक्तिको केही जोर चल्दैन -भरत पोखरेल

एडम स्मिथ (१७२३-१७९०) स्कटल्यान्ड निवासी आधुनिक अर्थशास्त्रका जनक, थ्योरी अफ मोरल सेन्टिमेन्टस (१७५९) र वेल्थ अफ नेसन्स (१७७६) का सर्जक, ग्लासगो विश्वविद्यालय तर्कशास्त्रका प्राध्यापक (१७५१) हुन । उनले प्राध्यापन परित्याग गरी १७६४-१७६६ सम्म फ्रान्समा ड्युक अफ बुसेकका प्रशिक्षक मुख्य उद्देश्य प्रकृतिवादीहरू क्वेसने र तुर्गोतलाई अध्ययन गर्ने जिज्ञासा राख्दै अघि बढेका थिए । संसारमा धेरै पढिएका व्यक्तित्वमा उनी पर्दछन्, उनको प्रसिद्धि संसारमा फैलिएपछि इंल्यान्डका प्रधानमन्त्री विलियम पिटले उनलाई इंल्यान्डमा आमन्त्रण समेत गरेका थिए । निमन्त्रणा स्वीकार गरेर एडम स्मिथ लन्डन पुगेका थिए ।
विलियम पिटको सरकारको क्याबिनेट बसिरहेको बेला जब एडम स्मिथ हल भित्र प्रवेश गरे क्याबिनेटमा उपस्थित सबैले उभिएर उनको अभिवादन गरे । एडम स्मिथले प्रधानमन्त्री विलियम पिटतपर्ु पङ्कर्ुदै क्ृपया बस्नोस महोदयहरू भने तर विलियम पिटले एडम स्मिथलाई सर तपाईं नबसे सम्म हामी कसरी बस्ने भनेर आदरभाव देखाएका थिए । एउटा प्राध्यापक लाई सत्ताको यस्तो स्वागत गरिएको थियो ।



नेपालमा आज विश्वविद्यालयहरूमा नियुक्तिको चर्चा चलिरहादा प्राध्यापकहरु हातमा नियुक्तिको निवेदन बोकेर कुलपति अर्थात् प्रधानमन्त्री र उनका मातहतका मानिसहरूको ढोकाढोकामा कुदिरहेका छन् । उनीहरूलाई सर कारले तपाईंहरु बस्नोस हामी योग्य व्यक्तिहरुको नियुक्तिको व्यवस्था गर्छौं भन्छ तर प्राध्यापकहरु बस्न मान्दैनन, नियुक्ति नभएसम्म उनीहरुको बस्ने छ्याटकाट देखिदैन बरु उनीहरु बस्नु भन्दा नियुक्ति नभए सम्म कुदिर हने देखिएका छन् । यही बेला पहिला पद खाएका

केही प्राध्यापकहरु नबोकौं झन्डा, नदोहरियोस् भागबन्डा जस्ता लेखहरु लेखिरहेका छन् ।

दलीय राजनीति भएको देशमा निर्दलीय पदाधिकारीहरूको खोजीका लागि अपिल भइरहेको छ जुन प्रयोग असफल भइसक्यो । उदाहरणका लागि एक समय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष बनाइएका प्राध्यापक महिना दिन नपुग्दै पद त्याग गरे भने हालै नीति तथा अनुसन्धान प्रतिष्ठानको जिम्मा पाएका अर्का प्राध्यापक एक वर्ष पनि त्यहाा टिक्न सकेनन् । यो व्यक्ति भन्दा पनि व्यावस्थाको कमजोरी हो ।
देशको राज्यसत्ता भ्रष्ट भए पछि जो कुनै व्यक्तिको केही जोर चल्दैन । हिजो प्राध्यापकको आदर मा इंल्यान्डको सरकार उभिन्थ्यो आज सरकारको चाकरीमा नेपालका प्राध्यापकहरु कुदिरहेका छन् ।
(लेखक पोखरेल त्रिविमा कार्यरत छन । उनी समसामयिक विषयमा कलम चलाउने गर्दछन् )

# गौतम बुद्ध नेपालमै जन्मिएका हुन्

एजेन्सी । काठमाडौं । भारतीय विदेश मन्त्रालयले विदेशीमन्त्रीको अभिव्यक्तिको खण्डन गर्दै गौतम बुद्ध नेपालमा जन्मिएकोमा कुनै शंका नरहेको प्रष्टीकरण दिएको छ । मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले विज्ञप्तिमा गरी बुद्ध नेपालको लुम्बिनीमा जन्मिएका हुन् भन्नेमा कुनै शंका नभएको प्रष्टीकरण दिएका हुन् ।

भारतीय विदेश मन्त्री एस जयशंकरले बुद्धलाई ' महान् भारतीय ' भनेका थिए । त्यसको नेपालमा चर्को विरोध भएको छ ।

जयशंकरको अभिव्यक्ति साझा बौद्ध विरासतको सन्दर्भमा आएको विदेश मन्त्रालयले बताएको छ ।



यता नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै बुद्ध नेपालमा जन्मिएकोमा कुनै दुविधा नभएको र यसको यथेष्ट प्रमाण पनि भएको मन्त्रालयले बक्तव्यमा भनिएको छ ।

# श्रीलंकामा भाइद्धारा दाइलाई सफथ

एजेन्सी । कोलोम्बो । श्रीलंकाका राष्ट्रपति गोटवाया राजापाक्षेले आफ्ना दाइ महिन्दा राजापाक्षेलाई प्रधानमन्त्रीको सपथ खुवाएका छन् ।

हुदा सन् १९७० मा उनी सासंद बनेका थिए । उनी दुई पटक राष्ट्रपति र तीन पटक श्रीलंकाका प्रधानमन्त्री भएका छन् ।

संसदमा दुई तिहाइ ल्याएर संविधान संशोधन गर्ने भन्दै गोटवायाले अवधि सकिनु छ महिनाअघि नै संसदीय चुनाव घोषणा गरेका थिए ।



पूर्वराष्ट्रपति समेत रहेका ७४ वर्षीय राजापाक्षेले एक बौद्ध मन्दिरमा सपथ ग्रहण गरेका हुन् ।

हालै भएको संसदीय चुनावमा सत्तारुढ दल श्रीलंका पिपुल्स पार्टीले झन्डै दुई तिहाइ मत हासिल गरेको थियो । निर्वाचन आयोगले प्रकाशित गरेको अन्तिम मत परिणाममा राष्ट्रपति गोटवाया राजापाक्षे र प्रधानमन्त्री महिन्दा राजापाक्षेको एक्लैले २२५ मध्ये १४५ सिट हासिल गरेको हो । साथै उनीहरुको गठबन्धनमा रहेको दलले थप पाच सिट जितेका छन् । जुलाइमा प्रधानमन्त्री महिन्दा राजापाक्षेले संसदीय राजनीतिमा प्रवेश गरेको ५० वर्ष पूरा गरेका थिए । २४ वर्ष

गत नोभेम्बरमा राष्ट्रपति निर्वाचित भएपछि गोटवायाले महिन्द्रालाई प्रधानमन्त्री बनाएका थिए ।

कोरोनाभाइरसको महामारीबीच आम निर्वाचन गर्ने श्रीलंका पहिलो दक्षिण एसियाली मुलुक हो । मतदानमा ७१ प्रतिशत बढी मतदान भएको जनाइएको छ ।

गत नोभेम्बरमा भएको राष्ट्रपतीय निर्वाचनमा महिन्दा राजापाक्षेका भाइ गोटवायाले विजय हात पारेका थिए । राष्ट्रपति बनेपछि गोटवायाले पूर्वराष्ट्रपति रहेका दाजु महिन्दालाई प्रधानमन्त्री बनाएका थिए ।

कोरोनाभाइरसका कारण चुनाव दुई पटक सरेको थियो । श्रीलंकाको राजनीतिमा दुई दशकदेखि राजापाक्षे परिवारको एकछत्र जस्तै छ । सन् २००५ देखि २०१५ सम्म महिन्दा राजापाक्षे राष्ट्रपति थिए । पछि पार्टीभित्रैबाट भ्रष्टाचार र नातावादको चर्को विरोधपछि उनी सत्ताबाट बाहिरिएका थिए ।

राजापाक्षेहरुको पार्टी सिंहाली समुदायमा लोकप्रिय छ। सन् २००९ मा तमिल विद्रोह अन्त्य गर्न मुख्य भूमिका खेलेको जस राजापाक्षे दाजुभाइलाई छ । त्यसैको प्रभाव अहिलेको संसदीय चुनावमा राजापाक्षेको पक्षमा तुईहिहाइ आएको पनि हुन सक्छ ।

## अर्थ समाचार

# आजै बाट लागू हुनेगरी पेट्रोलियम पदार्थको मूल्य बढ्यो

काठमाठौं । नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाएको छ ।

हिजो राति १२ बजेदेखि लागू हुने गरी मूल्य बढाइएको निगमले जनाएको छ । तिनै पेट्रोलियम पदार्थको मूल्य प्रतिलिटर १ रुपैयाका दरले बढेको हो ।

निगमका अनुसार अब काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर १०५ रुपैया पुगेको छ भने, डिजेल र मट्टितेलको मूल्य ९१ रुपैया पुगेको छ ।

खाना पकाउने एलपी ग्यास र हवाई इन्धनमा भने कुनै मूल्य परिवर्तन नगरिएको निगमले जनाएको छ ।

भारतबाटै आउने तेलको मूल्य बढेर आएकाले समायोजन गरिएको निगमले दावी गरेको छ ।

हाल मूल्य समायोजन पश्चात पनि भारतीय सीमा रक्सौलसाग जोडिएको नेपालको वीरगञ्ज क्षेत्रमा पेट्रोल प्रति लिटर ३० रुपैया ७१ पैसा र डिजेलमा प्रति लिटर ३७ रुपैया २७ पैसाले नेपालतर्फ सस्तो रहेको निगमको दावी गरेको छ ।

# राष्ट्र बैङ्कले बजारबाट २० अर्ब रुपैयाँ तान्दै

काठमाण्डौ। नेपाल राष्ट्र बैंले बजार बाट एकैपटक २० अर्ब रुपैया तान्ने भएको छ । उच्च तरलताका कारण अन्तरबैङ्क ब्याजदर ब्याजदर करिडोरको तल्लो सीमाभन्दा तल झरेपछि राष्ट्र बैङ्कले अल्पकालिन उपकरणमार्फत् तरलता व्यवस्थापन गर्न लागेको हो ।

प्रतिशतमा झरेको छ। राष्ट्र बैङ्कले यो सीमालाई १ प्रतिशत भन्दा तल झर्न नदिने लक्ष्य लिएको थियो ।

२० अर्बको तरलता खिच्दा पनि बजारमा अझै १ खर्ब ८० अर्बको तरलता बााकी नै रहन्छ। बजारमा तरलतासाागै लगानीयोग्य पुाजी समेत




राष्ट्र बैङ्कले यसको लागि रिभर्स रिपो जारी गरी २० अर्ब रुपैया बराबरको तरलता खिच्न लागेको हो । यसमा सबै वर्गका बैङ्क तथा वित्तीय संस्थाले सहभागिता जनाउन पाउने राष्ट्र बैङ्कले जनाएको छ । अहिले बैकिङ्ग सिस्टममा २ खर्ब भन्दा बढीको तरलता रहेको राष्ट्र बैङ्कले जनाएको छ । निक्षेप बढ्दै गएको तर त्यसअनुसार ऋणको माग नभएका कारण यतिबेला उच्च तरलताको अवस्था सिर्जना भएको हो। उच्च तरलताकै कारण अहिले ०.२५

अत्यधिक भएपछि अहिले बङ्कहरुले निक्षेपको ब्याजदर घटाएका छन् भने कर्जाको विस्तारका लागि नयाा नयाा प्रोडक्टहरु समेत सार्वजनिक गर्न थालेका छन् । साउन ८ र १५ गते पनि राष्ट्र बैङ्कले २०-२० अर्बकै रिभर्स रिपो जारी गरेको थियो । एक साता अवधिको उक्त रिपोका अवधि सकिएसागै फेरि बजारमा जान लागेको तरलतालाई राष्ट्र बैङ्कमै राख्न अर्को अक्सन जारी गरिएको हो ।

**कोरोना सर्तकताका उपायसँगै अर्थतन्त्रलाई चलायमान गरौं**

# जो कालो सूचीमा छ उसैलाई ठेक्का

काठमाठौं । भ्रष्टाचार कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा समेत राखेको ठेकेदार कम्पनीलाई नै राष्ट्रिय गौरवको आयोजनाको ठेक्का दिने तयारी अघि बढेको छ । रेल विभागले पूर्वपश्चिम रेलमार्ग अन्तर्गत झापाको काकडभिट्टादेखि सुनसरीको इनरुवा सम्म रेलवेको १०६ किलोमिटर ट्र्याक-बेड निर्माणका लागि आह्वान गरेको टेन्डरमा विक्रम पाण्डेको कालिका कन्स्ट्रक्सनलाई समेत ठेक्का दिनेगरी तयारी अघि बढाइएको हो ।

रेल विभागले सो खण्डको रेलमार्ग निर्माणका गत असार १३ र १७ गते खोलेको ५४ वटा टेन्डरका लागि बोलपत्र पेश गर्ने मिति सकिएको छ । हाल सो टेन्डर प्रक्रियामा १ सय २० भन्दा बढी निर्माण कम्पनीहरुले आवेदन दिएका छन् । अहिले पेश भएका बोलपत्रहरुको मूल्याङ्कन काम भइरहेको रेल विभागले जनाएको छ । सोही प्रक्रियामा राप्रपाका नेता एवम् पूर्वमन्त्री समेत रहेका पाण्डेको सो कम्पनीले पनि सहभागिता जनाएको हो ।

भ्रष्टाचार आरोपमा मुद्दा चलेको वा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको कुनै पनि कम्पनी मुद्दाको छिनोफानो नहुञ्जेल वा कालोसूचीबाट नहटेसम्म कुनै पनि ठेक्का प्रक्रियामा सहभागिता जनाउन नपाउनुपर्ने हो। सार्वजनिक खरिद नियमावलीको सातौं संशोधनले सोही आशय सहितको व्यवस्था थप गरेको छ ।

नियमावलीको नियम ६५(क) को उपनियम १ मा भनिएको छ, मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकउपर भ्रष्टाचारको कसुरमा मुद्दा दायर भए/नभएको सम्बन्धमा एकिनगरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित निकाय मार्फत् नेपाल सरकार समक्ष लेखि पठाउनु पर्नेछ ।

सोही नियमको उपनियम २ मा त्यसरी लेखिआएमा नेपाल सरकार ले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रममा पेश गरेको प्रस्तावलाई मूल्याङ्कन गरिसक्नुपर्ने अवधिभित्र मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न निर्देशन दिन सक्नेछ भनिएको छ ।

सोही नियमको उपनियम ३ मा त्यसरी निर्देशन भइआएमा मात्रै सो बोलपत्रदातालाई मूल्याङ्कनबाट हटाउने व्यवस्था छ ।

तर, कानूनी लुपहोल लाई समातेर सो निर्माण कम्पनीलाई ठेक्का दिने तयारी गरेको विभाग स्रोतले जनाएको छ। कालिका कन्स्ट्रक्सनको मुद्दाबारे रेल विभागले नेपाल सरकारलाई लेखी पठाए पनि त्यसले मूल्याङ्कन वा छनौट प्रक्रिया प्रभावित हुदैन । सरकारलाई त्यस्तो व्यहोरा लेखेर पठाउने र छनौट गर्ने अवधि निकै कम राखेर सो कम्पनीलाई समेत यस प्रक्रियामा समावेश गर्ने तयारी गरिएको हो ।

१८ वटा कम्पनीहरुले ५४ वटा ठेक्का ब्राडेर लिनेगरी एकआपसमा कार्टेलिङ गररै मूल्य प्रस्ताव पेश गरेका छन् । यसले गर्दा राज्यलाई अर्बौं रुपैया व्ययभार थपिने निश्चित जस्तै देखिएको छ ।

प्राविधिक र आर्थिक प्रस्तावको छनौटको विषय त नाममात्रैको हो । कसले प्रतिस्पर्धा गर्न पाउने र कसले नपाउने भन्ने त ठेक्का आह्वान गर्दा निश्चित भइसकेको छ । कुन कम्पनीले कुन ठेक्का पाउने र कसले कति रेट प्रस्ताव गर्ने गरी सबै भित्रभित्रै तय भइसक्यो, यो टेन्डर प्रक्रिया अब प्राविधिक विषय मात्रै र हुयो' खरिद प्रक्रियासाग सम्बन्धित विभागकै एकजना कर्मचारी भन्छन् ।



**१८ कम्पनीले मात्रै ठेक्का पाउने निश्चित**

रेलमार्ग निर्माणको यो ठेक्कामा १८ वटा कम्पनी मात्रै प्रतिस्पर्धाका लागि प्राविधिक मूल्याङ्कनबाट पास हुने निश्चित छ। यस्तो ठेक्कामा निर्माण व्यवसायीले दुईवटा प्रस्ताव पेश गर्छन्, प्राविधिक र आर्थिक। प्राविधिक प्रस्तावमा छनौट भएका .कम्पनीको मात्रै आर्थिक प्रस्ताव खोलिनेछ। यसो हुदा कालिकासहित १८ वटा कम्पनी मात्रै यसका लागि योग्य हुने देखिएका हुन् ।

त्यसबाहेक लामा कन्स्ट्रक्सन, रसुवा कन्स्ट्रक्सन, हिमडुङ एण्ड थोकर, कन्ट्याक्ट कन्स्ट्रक्सन, सन्तोषी निर्माण सेवा, एपेक्स निर्माण सेवा, गजुरमुखी निर्माण सेवा, पीएस कन्स्ट्रक्सन, लुम्बिनी कन्स्ट्रक्सन, रोशन कन्स्ट्रक्सन, सौताहा कन्स्ट्रक्सन, गोल्डेन गुड कन्स्ट्रक्सन, आशीष निर्माण सेवा, रमण कन्स्ट्रक्सन र श्रेष्ठ कन्स्ट्रक्सन योग्य रहने निश्चित छ । त्यसमध्ये लामा कन्स्ट्रक्सन सांसद जिपछिरिङ लामाको स्वामित्वमा रहेको कम्पनी हो । रसुवा कन्स्ट्रक्सन अर्का सांसद मोहन आचार्यको कम्पनी हो । हिमडुङ एण्ड थोकर बहादुरसिंह लामाको कम्पनी हो । उनी पनि प्रतिनिधिसभाका सांसद हुन् । यी

**यस्तो छ कालिकाको विगत**

कालिका कन्स्ट्रक्सन विगतदेखि नै विभिन्न ठेक्कापट्टाको काम जिम्मामा लिने तर पूरा नगर्ने कम्पनीको रुपमा कहलिएको कम्पनी हो । राज्यशक्तिको आडमा ठेक्का पार्दै आएको सो कम्पनीले सिक्टा सिचाई आयोजनामा निलम्बित सांसद हरिनारायण रौनियारको पप्पु कन्स्ट्रक्सन जेभीसागको काम गरेको थियो ।

सिक्टाको नहरको काम गुणस्तरहीन भएर परीक्षणका क्रममा ड्याम नै भत्केपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ती दुवै कम्पनीमाथि भ्रष्टाचार कसुरमा मुद्दा चलाएको थियो। पप्पुमाथि अख्तियार ले २०७५ असोजमा मुद्दा चलाएको हो भने कालिकामाथि २०७५ मंसिर मा मुद्दा दायर गरेको थियो। सोलगत्तै पक्राउ समेत परेका पाण्डे ४ करोड रुपैयाा धरौटी बुझाएर छुटेका थिए । त्यसो त, कालिकाले गरेका सडक, पुल लगायत निर्माणको गुणस्तर, लागत र समयमा समेत वारम्बार प्रश्न उठ्ने गरेको छ । ठेक्का पाएर मोबिलाइजेसन पेश्की लिने अनि विभिन्न बहानामा वर्षौंसम्म काम नगर्ने वरु उल्टै लागत बढाउने खेल खेल्ने मामिलामा पाण्डेको कम्पनी चर्चित रहादै आएको छ ।

## lzIff ;dfrf/

# शैक्षिक सत्र खेर नजाने गरी पाठ्यक्रम मिलाउन निर्देशन

काठमाडौं । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले विद्यार्थीको शैक्षिक सत्र खेर नजाने गरी पाठ्यक्रममा आवश्यक व्यवस्था



मिलाउन निर्देशन दिएका छन् ।

पाठ्यक्रमको भार घटाउने, केही हटाउने तथा अतिरिक्त कक्षा सञ्चालन गरेर भए पनि विद्यार्थीको शैक्षिक सत्र खेर जान नहुनेमा उनले जोड दिएका छन् ।

बुधबार बसेको पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकलाई सम्बोधन गर्दै शिक्षा मन्त्री पोखरेलले यसमा तत्काल निचोड निकाल्ने गरी गृहकार्य गर्न शिक्षाका सम्बद्ध अधिकारीलाई निर्देशन दिएका हुन् ।

कोरोना महामारीका कारण नयाा शैक्षिक सत्रमा ठूलो क्षति भएको भन्दै उनले कुन कुन विकल्पमा हामीले काम गर्न सक्छौं त्यसलाई तय गरेर अघि बढ्न आह्वान गरे । कोरोनाको महामारीका कारण वैशाखमा सुरु हुनुपर्ने शैक्षिक सत्र अहिलेसम्म प्रारम्भ हुन सकेको छैन। सरकारले असार १ गतेदेखि भने वैकल्पिक माध्यमबाट विद्यार्थीको पठनपाठनलाई भने निरन्तरता दिएको छ । गोरखापत्र दैनिकमा प्रकाशित

# भदौं भरी विद्यार्थी भर्ना र परीक्षा संचालन नर्गन निर्देशन


काठमाण्डौ । लकडाउन खुलेसागै कोरोना भाइरसका संक्रमिण बढ्न थालेपछि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी) ले विद्यार्थी भर्ना र परीक्षा सञ्चालन भदौभरी गर्न नर्गन र आगामी असोज १ बाट गर्ने प्रस्ताव गरेको छ ।



यस बारेमा सिसिएमसीको बसेले बैठकले समेत तत्काल विद्यार्थी भर्ना र परीक्षा सञ्चालन गर्न नहुने प्रस्ताव गरेको हो । यसअघि साउन ५ गते बसेको मन्त्रिपरिषद् बैठकले विद्यार्थी भर्ना र परीक्षा सञ्चालन भदौ १ गतेबाट खुल्ला गर्ने निर्णय गरेको थियो । तर एसइईको रिजल्ट आएसागै भित्रभित्र विद्यार्थी भर्ना र केही मात्रामा कक्षा समेत सुचारु भइरहेका छन् । सरकारले कुनै पनि प्रकारका शैक्षिक भार्ना र शुल्क नलिन आदेश दिन्छ तर त्यसको कार्यान्वयन गर्नु त कहाा हो कहाा आफूखुशी विद्यालय सञ्चालन गर्ने, अभिभावकलाई शुल्क तिर्नुपर्ने भनेर बिल थमाउने जस्ता हर्कत भइरहेका पनि छन् ।

# मैले जति विधान मिच्न सकेँ, त्यति नै बलवान सभापति ठहर्छु भन्ने उहाँको मानसिकता छ जस्तो छ

## वरिष्ठ नेता, रामचन्द्र पौडेल



काठमाडौं । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले न्यूज एजेन्सी नेपालसाग कुरा गर्ने क्रममा विधान मिच्दा पार्टी सभापति शेरबहादुर देउवाले बहादुरी ठान्ने गरेको टिप्पणी गरेका छन् ।

पछिल्लो समय देउवाले विभाग गठन तीव्र बनाएका छन् । पार्टीको विधान अनुसार महाधिवेशन भएको महिनाभित्र गठन गर्नुपर्ने विभागहरु अर्को महाधिवेशनको मिति तय भइसकेको अवस्थामा बनाउनु गलत भएको पौडेल समूहले बताउदै आएको छ ।

नेता पौडेलले भने, मैले जति विधान मिच्न सके, त्यति नै बलवान सभापति ठहर्छु भन्ने उहााको मानसिकता छ जस्तो लाग्छ । यसले कांग्रेस डेमोक्रयाटिक पार्टी हो की होइन भन्ने प्रश्न उठ्ने खतरा छ ।

एक समय देउवाले देशमा कानून तोड्यो भने गृहमन्त्रीले तोड्छ । म गृहमन्त्री भएकाले कानून तोड्ने मैले नै हो' भनेर धाक लगाएको उनले स्मरण गरे । अहिले पनि उहाा मैले हो विधान तोड्ने, म त बहादुर भने जस्तो गर्नु भएको छ' उहााको बहादुरीले कांग्रेसलाई क्षति पुर्‍यायो । लोकतन्त्रलाई ठूलो घात गर्‍यो ।

चार वर्षे कार्यकाल रहादासम्म केही नगरेका सभापति देउवाले काम चलाउ भएपछि विभागहरुमा मान्छे भर्ना गरेर विधानको धज्जी उडाएको उनको आरोप छ । विशेष अधिवेशन बोलाउने अवस्था नरहेको भन्दै उनले यो मुद्दालाई महाधिवेशनमै उठाउने बताए । यो विषयलाई उहााको मनपरीतन्त्र, स्वेच्छाचारीतन्त्रको प्रमाण यही हो भनेर महाधिवेशन सम्म लैजान्छौं ' नेता पौडेलले भने । आगामी महाधिवेशनबाट देउवाको विकल्प खोज्नुपर्ने बताए ।

आफूले म नै सभापति हुनुपर्छ भनेर दाबी नगरेको तर सबैलाई न्याय पनि गर्नुपर्ने पौडेलले बताए । पार्टीमा सबैलाई उमेरका आधारमा एउटै क्याटागोरीमा राख्न पाइदैन । कसैले पार्टीको हितान जीवन दिएका छन होला । कसैले मौका पाउादा दुरुपयोग गरेका होलान् । त्यो सैको छिनो फानो महाधिवेशनमा हुन्छ ।

# POLITICAL MISUSE

Kathmandu. Now I have seen political misuse. To earn name and fame, the people are wasting money in politics.

Many parents are becoming leaders by providing money to be membership of any politics. On the one hand, the children seem bare foot in street,on the other side, the parents provide money to different political parties. Is it right to provide money for political parties or children? Many women and men have wasted money uselessly to get post of politics. Mothes are getting post by paying but on the other hand, children are walking with naked or bare foot or rag sandal and clothes. They wear ornaments and children are not with basic needs. It is very bad behavior of political people. I think that it is useless to waste money in politics.
The election is faced with debt. The politics is useless when debt is there and they can not handle there own children. I think such desire should be vanished from men and women. Really politics breaks the relation of good home .

**कोरोना भाइरसबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।**

## कृषि समाचार

# समयमै रासायनिक मल नपाए पनि लगातारको पानीले किसानलाई राहत

काठमाण्डौ । कोरोना कहरले गर्दा समयमै रासायनिक मलको आयात नहादा किसानले समयमै मल नपाएर पिरोलिएका किसानहरुलाई यसवर्ष नियमित रुपमा परिरहेको वर्षाले भने राहत दिएको छ ।

धान रोपिसकेपछि अहिलेसम्म दुईपटक रासायनिक मल राख्न समय भएपनि किसानहरुले एकपटक पनि मल राख्न पाएका छैनन् । तर, धानको बिउ राख्ने बेला जेठ महिनादेखि नै नियमित वर्षा भएपछि रुपन्देहीमा यसवर्ष धान खेती राम्रो देखिएको छ ।

समयमा प्रयाप्त पानी परेपछि खेतमा धांजा फाट्न नपाएको सियारीका किसान अर्जुन चौधरीले बताए । अहिले रुपन्देहीको अधिकांश खेतीयोग्य जमिन हरियो धानले मनमोहक बनेको छ ।

यसवर्ष भने दैनिक जसो पानी परिरहेकोले सिंचाईको कुनै समस्या नभएको किसानहरु बताउाछन् । रुपन्देहीमा तिनाउ, दानव, कञ्चन, रोहिणी, डण्डालगायतका खोला तथा नदीबाट साना ठूला गरि झण्डै दुई दर्जन बढी सिंचाई आयोजना संचालनमा छन्। तर त्यसबाट सबै किसानको खेतमा सिंचाईको सुविधा पुग्न सकेको छैन ।

रुपन्देहीमा करिब ७० हजार हेक्टर क्षेत्रफलमा धान खेती हादै आएको छ । यसवर्ष प्रयाप्त पानी परेका कारण सतप्रतिशत खेतमा धान रोपाई भएको कृषि निर्देशनालयले जनाएको छ ।
निर्देशनालयका सूचना अधिकारी कामना अधिकारीले रुपन्देहीमा गतसाता नै सबै खेतमा रोपाई सकिएको जानकारी दिईन् ।



सयौं बिगाहका प्लटहरुमा हुर्किईरहेको धानले समथर खेत हरियो कार्पेट बिछ्याएजस्तै आकर्षक बनेका छन् ।

लगातार पानी परिरहेपछि धान खेतीमा उम्रिने झार समेत कम उम्रिएको किसानहरु बताउाछन् । तर यूरिया मल राख्न नपाउंदा भने धान गांजिएदै गएपनि राम्रोसंग पसाउदैन कि भन्ने चिन्ता किसानमा रहेको छ ।

रुपन्देहीको मर्चवार क्षेत्र संगै सियारी, मायादेवी, लुम्बिनी, देवदह, तिलोत्तमा, सैनामैना धान उत्पादनको लागि उर्वर भूमि मानिन्छ । त्यो संगै बुटवलको मोतिपुर, तामनगर, नयाागाउा लगायतका क्षेत्रमा समेत धानको उत्पादन राम्रो हुन्छ ।
तर जिल्लाको उत्तरी र पूर्वी क्षेत्रका खेतहरुमा केही सिंचाईको सुविधा पुगेपनि धानको भण्डार मानिने दक्षिणी मर्चवार क्षेत्रमा सिंचाईको सुविधा नपुग्दा किसानहरुले आकाशे पानी र बोरिङको पानी तानेर धान रोप्नुपर्ने बाध्यता थियो ।

रुपन्देहीमा मात्र नभई यसवर्ष प्रदेश ५ को पाल्पा बाहेक सबै जिल्लामा सतप्रतिशत धान रोपाई सकिएको अधिकारीले जानकारी दिईन्। रुपन्देहीसंगै कपिलवस्तु, बांके, दाङ, बर्दिया, नवलपरासीलगायतका जिल्लाहरु प्रदेश ५ मा धान उत्पादनको हिसाबले राम्रा जिल्लाहरुमा गनिन्छन् ।

नेपालमा १५ लाख ५२ हजार ४ सय ६९ हेक्टर क्षेत्रफलमा धान उत्पादन हुने गर्दछ । जसमध्ये प्रदेश नं. ५ मा मात्रै ५ लाख ३९ हजार २ सय ६३ हेक्टरमा धान खेती हुने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जानकारी दिएको छ ।

उत्पादनको हिसाबले पनि प्रदेश ५ मा नेपालको कुल उत्पादनको २४ प्रतिशत धान उत्पादन हुन्छ । नेपालमा कुल ५२ लाख ३० हजार भन्दा बढी धान उत्पादन हुनेमा प्रदेश ५ मा १२ लाख ७४ हजार भन्दा बढी मेट्रिक टन धान उत्पादन हुने मन्त्रालयले जनाएको छ ।

# आजबाट कम्पनी रजिष्टारका काम अनलाईन बाटै हुने

काठमाण्डौ। काठमाण्डौ उपत्यकामा कोरोना भाइरसका संक्रमिण बढ्न थालेपछि त्यसको मध्यनजर गर्दै कम्पनी रजिष्टार कार्यालयले कम्पनी दर्ता सम्बन्धी सबै काम अब घर तथा कार्यालयबाटै गर्न सकिने भएको छ। अनलाईनमार्फत कम्पनी दर्ता गर्न सकिने व्यवस्थासहितको प्राविधिक तयारी पुरा भएको कम्पनी रजिष्टारको कार्यालयले जनाएको छ।

भदौ एक गतेबाट नयाा कम्पनी दर्ताको लागि कम्पनीले अनलाइन मार्फत पेश गरेका कागजातलाई नै आधिकारिक मानी कार्य गरिने निर्णय भएको कम्पनी रजिष्ट्रार कार्यालयका प्रवक्ता एवं उपरजिष्ट्रार तुल्सीराम गैरेले जानकारी दिएका छन्। अनलाईन प्रणालीपछि नयाा कम्पनीको प्रवन्धपत्र र नियमावली को दुई प्रति बाहेक अन्य कागजी विवरण कार्यालयमा पेश गर्न नपर्ने प्रवक्ता गैरेले बताए। यसरी दर्ता हुने नयाा कम्पनीको छुट्टै कागजी फायल तयार नगरिने र ती कम्पनीको पुनः काम गर्नु पर्दा अनलाईन अभिलेखलाई नै अधार मानिने कार्यालयले जनाएको छ।

पुराना कम्पनीले बुझाउनुपर्ने सबै विवरण पनि भाद्र १ गतेदेखि अनलाईनमार्फत नै बुझाउन मिल्ने व्यवस्था गरिएको छ। कम्पनी र जिष्ट्रार कार्यालयमा बुझाउन नपर्ने सक्कल कागज पत्र कम्पनीले आफ्नो कार्यालयमा सुरक्षित राख्नु पर्नेछ। यस्तै सेयर लगत अभिलेख पनि कम्पनी रजिष्ट्रारले विद्युतीय प्रति नै राख्ने छ।

# प्रत्येक एक घन्टामा १४ जना संक्रमिण थपिँदै

काठमाडौं। नेपालमा प्रत्येक एक घण्टामा १४ जना नयाा संक्रमित थपिने गरेका छन्। पछिल्लो एक सातालाई आधार मान्दा एक घण्टाको अवधिमा १४ जना संक्रमित थपिने गरेका छन्। अहिले दैनिक ३ सय ३५ नयाा संक्रमित थपिादै आएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार थप ४ सय ८४ जनामा कोरोना संक्रमण देखिएको छ। पछिल्लो एक सातामा ३ हजार ४२ जनामा संक्रमण देखिएको छ।

यस्तै, प्रत्येक एक घण्टामा ३ सय ५८ जनाको कोरोना परीक्षण हुने गरेको छ। पछिल्लो एक सातामा ६० हजार २ सय २६ जनाको आर टी-पिसिआर प्रविधिबाट कोरोना परीक्षण गरिएको छ। बुधबार मात्रै १० हजार ४ सय ८१ जनाको कोरोना परीक्षण गरिएको छ।

पछिल्लो केही दिनयता कोरोना परीक्षण दर बढेको छ। गत बिहीबार ६ हजार ६ सय २२, शुक्रबार ७ हजार ९ सय २६, शनिबार ७ हजार ७ सय ८८ जनाको आरटी-पिसिआर प्रविधिबाट कोरोना परीक्षण गरिएको थियो।

यो समाचार आजको राजधानी दैनिकमा प्रशान्त वलीले लेखेका छन्।

# अब देखि सवारी भाडा कार्डबाट

काठमाडौं। अबदेखि सार्वजनिक सवारी साधनमा यात्रा गर्दा खल्तीमा पैसा होइन, कार्ड बोक्नुपर्ने भएको छ। विद्युतीय भुक्तानीको प्रयोग बढ्न थालेपछि सार्वजनिक यातायातहरू कार्डबाट भाडा लिने व्यवस्था गर्न लागेका छन्।

कोरोना विषाणुका कारण पनि यो नयाा पद्धति प्रभावकारी हुने देखिएको छ। पैसाबाट पनि कोरोना विषाणु सर्नसक्ने सम्भावनाले नगदमा भाडा संकलन गर्दा हुनसक्ने सम्पर्क न्यून गर्न कार्डबाट भुक्तानी प्रणाली उपयोगी हुने देखिएको छ। साझा यातायातले यसअघि नै कार्डबाट भाडा लिन सुरु गरिसकेको छ।

त्यस्तै एनएमबी बैंकले किपु बस सेवासाग सहकार्य गरी विद्युतीय भुक्तानीको प्रबन्ध मिलाउने सम्झौता गरिसकेको छ। आइतबारदेखि सुन्दर यातायातले विद्युतीय भुक्तानी प्रणाली (डिजिटल पेमेन्ट सिस्टम) सुरु गर्ने र त्यसका लागि मेसिन जडान गर्ने भएको छ। योसागै पेमेन्ट कार्ड लिएर गाडीमा रहेको मेसिनमा पठाएपछि कार्डमा रहेको पैसाबाट गाडी भाडा तिरिन्छ। सुन्दर यातायात प्रालिले ई सेवा र चाइनाको बीएके कम्पनीको सहकार्यमा विद्युतीय भुक्तानी मेसिन जडान गर्न लागेको जनाएको छ। सुन्दर यातायातको २५ वटा गाडीमा आइतबार मेसिन जडान गरिने प्रालिका अध्यक्ष भेषबहादुर थापाले जानकारी दिए। उनका अनुसार अन्य मेसिन ल्याउने क्रममा छन्।

यात्रुले २२० रुपियााको कार्ड खरिद गरेपछि २७० रुपियाा बराबरको यात्रा गर्न सुविधा दिइएको छ। कार्ड प्रयोगमा यात्रुको सुविधालाई ध्यानमा राखेको र कार्ड प्रयोग गरेपछि यात्रु ठगिने सम्भावना नरहने, ठेलमठेल नहुने हुादा कोरोना संक्रमणको अहिलेको अवस्थामा कार्ड एकदमै उपयोगी रहेको दाबी उनले गरे। यात्रुले खरिद गरेको कार्ड एक वर्ष अवधिको हुनेछ। बीचमा पैसा सकियो भने त्यसैमा थप्न वा रिचार्ज गर्ने सुविधा छ। कार्डमा भएको पैसा खर्च भएन र फिर्ता लिन चाहे तोकेको स्थानमा गएर फिर्ता लिन वा अन्य सामान खरिद गर्न सक्ने व्यवस्था गरिएको छ

# ५० प्रतिशत कर्मचारी मात्र कार्यालय आउन निर्देशन

काठमाडौं। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मातहतका निकायलाई बढीमा ५० प्रतिशत कर्मचारीलाई मात्रै कार्यालयमा उपस्थित हुन निर्देशन दिएको छ।

बााकी कर्मचारीहरूले आलोपालो हुने गरी घरैबाट काम गर्नुपर्ने मन्त्रालयद्वारा बिहीबार जारी परिपत्रमा उल्लेख छ। २६ साउनमा बसेको मन्त्रिपरिषद् बैठकले दुई सय भन्दा बढी संक्रमित भएका जिल्लामा बढीमा ५० प्रतिशत कर्मचारी राखेर कार्यालय चलाउनु पर्ने निर्णय गरेको थियो।

मन्त्रालयले शिक्षक सेवा आयोग, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, केशर पुस्तकालय, राष्ट्रिय किताब खाना (शिक्षक), सिटीईभिटी, विश्व विद्यालय अनुदान आयोग र डिल्लीरमण कल्याण स्मारक पुस्तकालयलाई यस्तो निर्देशन दिएको हो।

यस्तै, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना, सीटीईभीटी परियोजना, मन्त्रालयअन्तर्गतका सबै महाशाखा, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, पाठ्यक्रम विकास केन्द्र, र ाष्ट्रिय पुस्तकालय, चिकित्सा शिक्षा आयोग र जनक शिक्षा सामग्री केन्द्रलाई आधा भन्दा कम कर्मचारी बाट कार्यालय सञ्चालन गर्न निर्देशन दिएको हो।

# काठमाण्डौ उपत्यकामा आवत-जावत बन्द

काठमाडौं। काठमाण्डौ उपत्यकामा कोरोना भाइरसका संक्रमिण बढ्न थालेपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले उपत्यका आवत जावतका लागि सवारी पास जारी नगर्ने भएको छ। गृह मन्त्रालयको निर्देशन अनुसार आज बिहीबारदेखि सवारी पास बन्द गरिएको प्रशासकीय अधिकृत कमलप्रसाद पाण्डेले जानकारी दिए।

बाहिरका जिल्लाहरूबाट उपत्यका भित्रिनको लागि दिादै आएको सवारी पास स्वीकृति' समेत अर्को व्यवस्था नभएसम्मका लागि पूर्ण रुपमा बन्द गरिएको पाण्डेले बताए।

गृह मन्त्रालयले बुधबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई सवारी पास बन्द गर्न परिपत्र गरेको थियो।

एम्बुलेन्स, खाद्यन्न ढुवानी, सञ्चार माध्यम लगायतका पास आवश्यक नपर्ने सवारी साधन भने चल्न पाइने गृह मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले जानकारी दिए।

**स्वास्थ्य समाचार**

# सम्भाव्य फाउन्डेशनको निशुल्क मनोपरामर्श सेवा

काठमाण्डौ। सम्भाव्य फाउन्डेशनले र तहका मनोविज्ञानका अध्येताहरु




फादर जो थालरको सहयोगमा "मनोसामाजिक परामर्श सबैका लागि" भन्ने उद्देश्यका साथ मनोपरामर्श कार्यक्रम गरिरहेको छ। उक्त फाउन्डेशनले पछिल्लो कोरोना संक्रमणको मध्यनजर गर्दै निःशुल्क अनलाइन तथा टेलिफोन-काउन्सिलिङ मार्फत मनोपरामर्श कार्यक्रम गरिरहेको हो।

यस कार्यक्रम अन्तर्गत फाउन्डेशन का मनोपरामर्शदाताहरुले कोभिड-१९ महामारीको कारण कुनै पनि प्रकारको मानसिक समस्यामा परेर सहयोग खोजिरहेका व्यक्तिहरुलाई म्यासेन्जर, भाइबर अथवा इन्टरनेटमा पहाुच नभएको अवस्थामा फोनमार्फत आफै सम्पर्क गरेर आवश्यक मनोसामाजिक परामर्श सेवा दिन्छन्।

कार्यक्रमका सुपरभाइजर केशव श्रीष मगरले धेरै स्कूले विद्यार्थी, किशोरकिशोरी, अभिभावक, गृहिणी लगायत समस्या भएका व्यक्तिहरुले सेवा लिइसकेको बताए।

दैनिक सयौ व्यक्तिहरुले फेसबुक, म्यासेन्जर र फोनबाट सम्पर्क गरि रहेको उनले बताए। जो कोहीले पनि सम्भाव्य फाउन्डेशनको वेबसाइट, फेसबुक पेज अथवा फोन नम्बरहमार्फत सम्पर्क गर्न सकिन्छ।

सम्भाव्य फाउन्डेशन मनो सामाजिक परामर्शदाताहरुको एउटा टीम हो। जसमा भिन्न विषय (क्लिनिकल साइकोलोजिस्ट, काउन्सिलिङ साइकोलोजिस्ट, काउन्सलर, स्कूल काउन्सलर लगायत) समावेश छन्।

गैरनाफा मुलक संस्थाको रुपमा रहेको यस फाउन्डेशनले सन् २०१८ देखि विद्यार्थी, किशोरकिशोरी, अभिभावक, शिक्षक लगायत सर्वसाधारणलाई निरन्तर मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवा दिदैं आएको छ।

कसरी सहयोग गर्छन् ?

१. निःस्वार्थ सक्रिय सुनाइको माध्यमबाट कुराहरु सुन्ने

२. सेवाग्राहीलाई कमीकमजोरीहरु सहित संपूर्ण रुपमा स्वीकार गर्ने

३. जस्तोसुकै समस्यालाई आ□नै समस्याजस्तो ठानेर महसुस गर्ने

४. व्यक्तिगत विवरण र कुराकानी पूरै गोप्य राखिने

५. यसो गर्नु, उसो नगर्नू भनेर अर्तीउपदेश नदिने

६. गल्ती, कमीकमजोरीहरु भएमा पनि आलोचना नगर्ने, असल, खराब भनेर मूल्यांकन नगर्ने

७. समस्या भएका व्यक्तिलाई आफैभित्रबाट समाधान खोज्न सहयोग गर्ने आदि रहेका छन्।

"कृषि सडकको व्यापक बिस्तार स्थानीय पूर्वाधार विकासको मूल आधार"

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
पुल्चोक, ललितपुर

कविता

# LIGHT OF MY WRITING

-TIL KUMARI SHARMA




Light is abundant in moral sense.
Huge intellectuality is eternal.
Alphabets are enough.
Infinite creation is there.
Value of light is there.
Abundant creation increases my mind.

Time passes in alienation with writing.
Divinity is there.
Friendship of writing is there.
Light is like lamp .
Value of mind is there.

Egoist people say mad and psycho.
The writings are eternal and truthful.
The writings are memorable.
The moral human is existed.
Writing gives justice.

Female is come with writing of mine.
Height is nice in writing.
Moral is born with writing.
Might is existed.
Writings change the situation.
Writings are morally born.
Moral is existed.

## खेमनाथ दाहालको "यात्राको सिकर्नी" सार्वजनिक




काठमाडौं । साहित्यकार खेमनाथ दाहालको कृति "यात्राको सिकर्नी" सार्वजनिक भएको छ। श्वेतपत्र महाकाव्यलगायत थुप्रै कृति बाहिर ल्याएका दाहालको नियात्रासङ्ग्रह "यात्राको सिकर्नी" उषा दाहालको प्रकाशनमा आवरण, आकृति र वर्णविन्यास रमेश दाहालले गरेका हुन् ।

यस कृति भित्र काठमाडौंदेखि क्वालालम्पुरसम्म, राजदूत निवास देखि टायम्स स्क्वायर सम्म, गेन्टिङ्ग हाइट्स देखि चेन सी टेम्पलसम्म, बटु गुफाको सेरोफेरो, पेट्रोनास टार्वसलाई नियाल्दा, सिङ्गापुर यात्रा, पुत्राजयमा नेपालको झन्डा, मानार्थ राजदूत टेरी टिओको डार्कमा, राजकुमारको निम्तोमा, राजदूतावासको सेरोफेरो, भूगोल र इतिहास, मलेसियाको अर्थतन्त्र र दक्षिण पूर्व एसियामा कम्युनिस्ट विद्रोह र युद्ध जस्ता १४ ओटा नियात्रा समावेश गरिएको छ ।

प्रस्तुत कृतिमा दाहालले काठमाडौंदेखि क्वालालम्पुरसम्म प्रारम्भ गरी दक्षिणपूर्व एसियामा कम्युनिस्ट विद्रोह र युद्धका कुरा समेटिएका छन्। मलेसिया र सिङ्गापुरका महत्वपूर्ण स्थानहरुको यात्राका क्रममा प्राप्त भएका सामाग्रीलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कृति एउटा नियात्रा सङ्ग्रहमात्र नभएर सिङ्गापुर मलेसिया र नेपालकै विषयमा पनि एउटा ऐतिहासिक दस्तावेज रहेको छ ।

आफू कविता विधामा रमाउने मान्छे, यात्राका क्रममा जहाा जहाा पुगो त्यहाा त्यहाा मैले विविध रुपमा नेपालका विम्ब देखो, आमाका सन्देशहरु भेटो र यहाा प्रस्तुत गरे ' खेमनाथले भने ।

दाहलका यसअघि श्रद्धाञ्जली कवितासङ्ग्रह, रश्मि खण्डकाव्य, योद्धा काव्य, हावर्डको चौतारी' कवितासङ्ग्रह, श्वेतपत्र महाकाव्य, म त बन्दी भएको छु, कवितासङ्ग्रह जस्ता कृति पाठकमाझ आएका छन् ।

पर्यटन समाचार

## पर्यटन क्षेत्रलाई चलायमान बनाउन भन्दै पर्यटन मन्त्री समक्ष पर्यटन व्यवसायीको माग

काठमाण्डौ । कोरोना भाइरसका कारण तहसनहस भएको पर्यक्षात्रलाई पुन सूचारु र चलायमान बनाउन पर्यटन साग आबद्ध पर्यटन व्यवसायीले स्वास्थ्य मापदण्ड अपनाएर पर्यटन क्षेत्रलाई चलायमान बनाउन माग गरेका छन् । पर्यटन क्षेत्रका झण्डै दुई दर्जन छाता संठनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईलाई भेटेर पर्यटन व्यवसायीले पर्यटन उद्योग र उड्डयन क्षेत्र, छिमेक मुलुक लगायत अन्तर्राष्ट्रियजगत्मा क्रमशः खुल्दै गएको भएता पनि नेपालमा खुला गर्न नसक्दा विश्व पर्यटन बजारमा नेपालको पर्यटन क्षेत्रका बारेमा नकारात्मक सन्देश जाने भन्दै स्वास्थ्य मापदण्ड अपनाएर खुला गर्नु आवश्यक रहेको बताएका छन् । कोभिड अनुकूलताका कार्ययोजना बनाएर



स्वास्थ्य तथा सुरक्षा मापदण्ड अपनाएर पर्यटन क्षेत्रलाई चलायमान बनाउन माग गरेका हुन् ।

व्यवसायीले आज भाद्र १ गतेदेखि आन्तरिक तथा बाह्य हवाई उडान पुनः सञ्चालन गर्ने सरकारको यसअघिको निर्णयानुसार बिदामा बसेका कर्मचारीलाई कार्यालयमा बोलाएर पर्यटन उद्योग सञ्चालन गर्न तयारी रहे पनि उडान अनिश्चित बन्दा व्यवसायी थप मारमा परेका बताएका छन् ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष अच्युत गुरागाईंले विदेशी पर्यटकलाई राज्यले अवलम्बन गरेको स्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण पालना गर्न लगाएर सेवा अभिवृद्धि गरी अन्तर्राष्ट्रिय जगत्मा अत्यन्तै सकारात्मक सन्देश प्रवाह हुन्छ । पर्यटकीय गतिविधि सञ्चालन गर्न पाउनुपर्ने व्यवसायीको माग छ । मुलुकमा पछिल्लो दुई महिनादेखि दैनिक सातदेखि १० चार्टड उडान सञ्चालन भए पनि उक्त उडानले राज्यको आर्थिक गतिविधिमा योगदान पुऱ्याउन नसकेको व्यवसायीको ठहर छ ।

भेटमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल ९टान०, होटल एसोसिएसन नेपाल (हान), नेपाल पर्वतारोहण सङ्घ (एनएमए), नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ एजेन्सिज(नारा), सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटर्स नेपाल (सोटो), हिमालय उद्धार सङ्घ, गाउा पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ), टुरिस्ट बस एसोसिएसन अफ नेपाल (टिवान), कैलाश यात्रा सङ्घ, ठमेल पर्यटन विकास परिषद्लगायत झण्डै दुई दर्जन संस्थाको सहभागिता रहेको छ ।

कोरोनाबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं !
सेनिटाइजरको प्रयोग गरौं वा नियमित साबुन पानीले हात धुने गरौं, जथाभावी घरबाट बाहिर नजऔं ।

जन्म, मृत्यु, बसाई, सराई र सम्बन्ध बिच्छेद लगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र यस १२ वडा कार्यालयमा आई दर्ता गराऔं ।

प्रकाश श्रेष्ठ
वडाध्यक्ष

चन्द्रागिरी नगरपालिका
१२ नं. वडा कार्यालय
बलम्बु, काठमाण्डौ

# बाढीले पुल बगाउँदा गाउँ नै सम्पर्क बिहीन

बाजुरा । लगातार आइरहेको बर्षाले बुढीगंगा नदीमा आएको पानीको वहावले गौमूल गाउपालिका-२ अजयटोड्की गाउामा अवस्थित बूढीगंगा नदीमा आएको बाढीका कारण झोलुङ्गे पुल बगाउादा गाउा नै सम्पर्कविहीन बनेको छ ।

झोलङ्गे पुल बगाएकाले नदी तर्न सक्ने अवस्था नहुदा गाउामा जान नै नसकी फिर्ता हुनुपरेको गाउापालिकाका उपाध्यक्ष सीता थापाले जानकारी दिइन् ।

प्रहरी र गाउापालिकाको टोली सोमबार नै गाउापालिकाबाट हिंडेको थियो । नदी तर्न कुनै उपाय नहुदा टोली फिर्ता भएको छ । हेलिकप्टर मार्फत उद्धार गर्नुबाहेक कुनै विकल्प नरहेको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी प्रमुख टंकप्रसाद भट्टराईले बताए । झोलङ्गे पुल बगाउादा दुई दिनदेखि गाउा नै सम्पर्कविहीन छ । त्यहाा कोही जान सकेको छैन, सञ्चार सम्पर्क छैन । कति क्षति भएको भन्न कुनै जानकारी हुन नसकेको गाउापालिकाले बताएको छ । पुलसागै बस्तीसमेत जोखिममा परेको र केही घरसमेत बगेको स्थानीयवासी बताएका छन् ।

अजयटोड्की गाउाका २० घरधुरी मा ९७ जना छन् । हेलिकप्टरका लागि पहल भइरहेको र चााडै उद्धार गरिने प्रमुख जिल्ला अधिकारी कृष्ण गैरेले बताए ।

बाढीका कारण बस्ने घरदेखि लगाउने कपडा र एक छाक खानका लागि एक मुठी अन्नसमेत स्थानीयवासीले बचाउन सकेका छैनन् । खाद्य अधिकार सञ्जाल बाजुराका अध्यक्ष मदनराज जैसीले तत्काल हेलिकप्टरबाट खाद्यान्न व्यवस्थापन गरिनुपर्ने बताए । गौमूल गाउापालिका अध्यक्ष हरिबहादुर रोकायाले भने गृहमन्त्रीलाई भेटेर गौमूल, बडीमालिका लगायत नदी क्षेत्रका बस्तीमा पारेको प्रभावका बारेमा सबै जानकारी गराइसकिएको र उद्धारका लागि पहल भइरहेको बताए ।

त्यस्तै त्रिवेणी नगरपालिका वडा नं. ८ कालापानीस्थित बूढीगंगा नदीको छेउमा एक बालिका मृत भेटिएकी छन् । प्रहरीका अनुसार बालिका त्रिवेणी-८ पन्ताली घर भएका खडक लुहारकी सात महिने छोरी रितु रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक लोकेन्द्र ठगुन्नाले बताए ।

बालिकाका बाबुका अनुसार मंगलबार बिहान आमा–छोरी घर बाट निस्केका थिए ।

# सिन्धुपाल्चोकको लिदीबस्तीलाई स्तान्तरण गरिने

सिन्धुपाल्चोक । हालै मात्र लगातार बर्षा कारण बाढसागै आएको पहिरोले सिन्धुपाल्चोकको जुगल गाउापालिकास्थित लिदीको बस्ती स्थानान्तरण गरी उचित स्थानमा बासस्थानको व्यवस्था मिलाइने गृहमन्त्री रामबहादुर थापाले बताएका छन् ।

पहिरोग्रस्त क्षेत्रमा पुगेर स्थलगत अनुगमनपछि मन्त्री थापाले सो कुरा बताएका हुन् । बिहान खसेको पहिरामा परेर त्यहाा ११ जनाको मृत्यु भएको छ भने २७ बेपत्ता छन् ।

मन्त्री थापाले अझै ठुलो क्षति हुन सक्ने अवस्था देखिए पनि पूर्वसावधानी अपनाउादा कम क्षति भएको बताए । सरकारका तर्फबाट उद्धारलाई छिटोभन्दा छिटो अघि बढाउने र पुनःनिर्माणको काम तीव्र बनाइने गृहमन्त्रीको भनाइ थियो ।

गृहमन्त्री थापा राहत सामग्रीसहित घटनास्थलमा पुगेका थिए । उनले लिदी गाउा जोखिमयुक्त ठाउामा रहेको निष्कर्षको आधारमा स्थानीय प्रशासनले सचेतना अपनाउन आग्रह गरे पनि क्षति भएको भन्दै दुःख व्यक्त गरे ।

मन्त्री थापाले भने, उहाहरु साझ सरेर अर्के ठाउामा बास बसे पनि बिहान घरमा फर्किएको समयमा पहिरो आएकोले क्षति हुन पुग्यो । पहिलो काम बेपत्ताहरुको खोज तथा उद्धार भएको भन्दै त्यसमा सक्रिय रुपमा सुरक्षाकर्मी खटिरहेको उनले बताए । उद्धार सकिएपछि बस्ती स्थानान्तरण गरी पीडितका लागि उपयुक्त स्थानमा बासस्थानको व्यवस्था मिलाउन प्रक्रिया शुरु गरिने उहाले आश्वासन दिए ।

गृहमन्त्री थापासागै ४० परिवारका लागि पुग्ने राहत सामग्री पुऱ्याइएको छ । मन्त्रालयले दिएको जानकारी अनुसार ४० थान चाइनिज पाल, ४० वटा त्रिपाल सेट, ४० सेट भााडावर्तन, ४० वटा ब्ल्यांकेट, ४० म्याट्रेस, ४० बाल्टिन, ४० जग, ५० प्लास्टिकको ग्यालिन र ६० थान पञ्जा लगिएको हो । सोहीक्रममा मन्त्री थापाले तत्कालीन राहत सामग्रीका लागि सरकारका तर्फबाट दुई लाख हस्तान्तरण गरेका थिए ।

# कर्णाली नदीले कटान गर्दा जनजिवन त्रासमा

बर्दिया । कलातार आएको बर्षाका कारणले कर्णाली नदी कटानका कारण बर्दियाका राजापुर र गेरुवा बाढीको उच्च जोखिममा परेका छन् । लगातारको वर्षाले कर्णालीमा जलसतह बढेपछि राजापुर नगर पालिका र गेरुवा गाउापालिकाका तटीय क्षेत्र बाढीको उच्च जोखिममा परेका हुन् ।

राजापुर- ३ को तिघ्रामा कर्णालीले तटबन्ध भत्काउन थालेपछि स्थानीयवासी त्रसित्र बनेको स्थानीय प्रशासनले जनाएको छ । नदीमा पानीको बहाब बढ्दै जादा करीब पााच सय मिटर तटबन्ध भत्किने खतरा बढेको छ ।

बााध कटान गरिरहेका कारण करीब ६५ घर परिवारलाई राजापुरस्थित नेपाल खाद्य संस्थानको गोदाम भवनमा सारिएको जिल्ला आपत्कालीन व्यवस्थापन कार्यालयका सूचना अधिकारी रुपन ज्ञवालीले जानकारी दिए ।

बााध कटान भई नदीको पानी गाउामा पसेमा तीन वटा वडाका झण्डै तीन हजार घरपरिवार डुबानमा पर्ने खतरा छ । कर्णालीमा जलस्तर ११ मिटर पार गरेपछि बाढी पस्ने जोखिम हुन्छ ।

पहाडी भेगमा वर्षा नरोकिएकाले जलस्तर बढ्ने अनुमान आपत्कालीन व्यवस्थापन कार्यालयले गरेको छ । नदीले बााध नै कटान गर्न थालेपछि किनारका स्थानीयवासी त्रसित भएका छन् ।

# कर्णाली प्रदेश छिर्न अनिवार्य पिसीआर रिर्पोट

सुर्खेत । देशभरमा कोरोना भाइरस का संक्रमिण बढ्नेसागै कर्णाली प्रदेशले नाकामा कडाई गरेको छ । प्रदेश संकट व्यवस्थापन केन्द्र (पीसीएमसी) ले आज भाद्र १ गतेदेखि कर्णाली प्रवेश छिर्न पीसीआर रिपोर्ट अनिवार्य गर्ने निर्णय गरेको छ ।

प्रदेशमा प्रवेशका लागि कम्तीमा तीन दिन अगाडि पीसीआर रिपोर्ट नेगेटिभ आएको हुनुपर्ने व्यवस्था गरिएको निमित्त प्रदेश प्रमुख सचिव आनन्द सारुले बताए । अब रातको समयमा प्रदेशमा पूर्णरुपमा प्रवेश बन्द गरिने छ । प्रदेश भित्रिने मुख्य नाका सल्यानको कालिमाटी, काल्चे, कपूरकोट, सुर्खेतको बबई र कुइनेमा पीसीआर रिपोर्ट हेरिनेछ । बाहिर बाट आउनेहरूमार्फत संक्रमणको जोखिम भएकाले यस्तो व्यवस्था गरिएको निमित्त प्रमुख सचिव सारुले बताए ।

पास बनाएर आएका व्यक्तिहरुले पनि पछिल्लो तीन दिनयताको पीसीआर रिपोर्ट पेश गर्नुपर्ने छ । देश भित्रबाट आएका र भारतबाट आएका नेपाली नागरिकहरुलाई छुट्टाछुट्टै क्वारेन्टिनमा राख्ने व्यवस्था गरिने बैठकले निर्णय गरेको छ ।

**स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर मात्र घरबाहिर हिड्ने गरौं ।**

## रोजगार समाचार

# लकडाउन अवधिभर २२ प्रतिशतले रोजगारी गुमाए

काठमाडौं । कोरोना भाइरस संक्रमणको जोखिम न्यूनीकरण गर्ने भन्दै सरकारले चैत ११ गतेदेखि लागु गरेर साउन ७ गतेदेखि अन्त्य गरेको लकडाउनको अवधिमा २२ प्रतिशतले रोजगारी गुमाएका छन् ।

नेपाल राष्ट्र बैंकले लकडाउनले अर्थतन्त्रमा पारेको असरका बारेमा गरेको सर्वेक्षणबाट हाल नेपालमा सञ्चालित उद्योग व्यवसाय बन्द हादा करिब एक चौथाइ कामदारले रोजगारी गुमाएको पाइएको हो ।

बैंकले गरेको सर्वेक्षणअनुसार सबैभन्दा बढी होटल तथा रेष्टुरेन्ट क्षेत्रका श्रमिकले रोजगारी गुमाएका छन् ।

यो क्षेत्रबाट ४० प्रतिशतले रोजगारी गुमाएका छन् । यसरी रोजगारी गुमाएका मध्ये ५८ प्रतिशत अस्थायी तथा करार नियुक्तीमा थिए ।
त्यस्तै विद्युत,ग्यास र पानी क्षेत्रमा ३९ प्रतिशत, यातयात तथा भण्डारण क्षेत्रबाट १८ प्रतिशत,थोक तथा खुद्राबाट २४ प्रतिशत, उत्पादनमुलकबाट २३ प्रतिशत, कृषिबाट २१ प्रतिशत,सञ्चार क्षेत्रबाट २१ प्रतिशतले रोजगारी गुमाएका छन् । यो बीचमा स्वास्थ्य तथा समाजिक क्षेत्रबाट समेत १५ प्रतिशतले रोजगारी गुमाएका छन् भने सबैभन्दा न्युन शिक्षा क्षेत्रबाट ५ प्रतिशतले रोजगारी गुमाएका छन् ।

यसरी रोजगारी कटौति गर्नेमा सबैभन्दा धेरै घरेलु तथा साना उद्योगहरु रहेका छन् । ३० प्रतिशत यही क्षेत्रबाट कटौतिमा पेका छन् । ठूला उद्योगले भने १४ प्रतिशतमात्र कर्मचारी कटौति गरेका छन् । यो अवधिमा रोजगारी गुमाउनेमात्र होइन नगुमाएकाहरुले पनि पारिश्रमिक गुमाएका छन् । अध्ययनका अनुसार यो अवधिमा औषत १८ प्रतिशत नियमित तलब कटौति भएको छ । यसमा सबैभन्दा धेरै होटल क्षेत्रका श्रमिकले ३६ प्रतिशत कटौतिको मार खेपेका छन् । यातायात क्षेत्रमा पनि ३१ प्रतिशत तलब कटौति भएको छ ।

उद्योगको आकारअनुसार कर्मचारी कटौति धेरै गर्ने साना तथा घरेलु उद्योगको तुलनामा ठूला उद्योगले धेरै तलब कटौति गरेका छन् । ठूला उद्योगले २२ प्रतिशत तलब कटौति गरेका छन् ।

यो बीचमा उद्योगहरुले नियमित दिँदै आएको सुविधा तथा भत्ता पनि ७५ प्रतिशतसम्म कटौति गरेका छन् ।

लकडाउन अवधिमा सामन्य अवस्थाको तुलनामा ९६ प्रतिशत व्यापार घटेको र यही कारणले गर्दा कर्मचारी कटौति तथा तलब सुविधामा कैची लगाउनुपर्ने अवस्था आएको सर्वेक्षणनमा सहभागीहरुले बताएका थिए ।

सर्वेक्षणअनुसार उक्त अवधिमा ४ प्रतिशत उद्योगधन्दामात्र पूर्ण रुपमा सञ्चालन भएका थिए । ३५ प्रतिशत आंशिक खुलेपनि ६१ प्रतिशत पूर्ण बन्द रहेका थिए ।
लकडाउन खुलेपछि सामन्य अवस्थामा फर्किन होटल तथा रेष्टुरेन्ट क्षेत्र न्युनतम १ वर्ष लाग्ने प्रक्षेपन गरिएको छ । औषतमा ९ महिना लाग्ने देखिएको छ ।

# आजबाट कर्मचारी सञ्जय कोषमा आलोपालो सेवा

काठमाण्डौ । कोरोना संक्रमण बढ्न थाले पछि कर्मचारी सञ्चय कोषले आज भदौ १ देखि आलोपालोमा सेवा दिने जानकारी गराएको छ ।

कर्मचारी सञ्चय कोष
EMPLOYEES PROVIDENT FUND

सञ्चय कोषले कोरोना भाइरसको संक्रमण बढेकाले कार्यालयमा भीडभाड न्यून गर्न भन्दै सेवा वर्ग अनुसारको सेवा दिने बताएको छ ।

काठमाडौं उपत्यका कार्यालयहरुबाट बार अनुसार सेवा दिइने छ । जसमा आइतबार नेपाली सेना, सोमबार निजामती, मंगलबार प्रहरी, बुधबार शिक्षा र बिहीबार अन्य संघ संस्थाका सञ्चयकर्ताले मात्र सेवा पाउने छन् ।
आजैबाट विशेष सापटीको भुक्तानी अनलाईन प्रणाली मार्फत मात्र गर्ने निर्णय गरेको कोषले धितोमा आधारित सापटीको नयाा फाइल दर्ता नगर्ने समेत बताइएको छ । पछि कोरोना संक्रमण घट्दो क्रम भएपछि वा अर्को सूचना नहादा सक्म यही प्रणालीमा सेवा दिइने समेत बताइएको छ ।

पार्टीमा.............

अरु साथीहरु बोलिरहनु भएको छ । म चुप लागेर बसेको छु । त्यसकारण मेरो सम्पूर्ण प्रयास पार्टी मिलाउने, पार्टीलाई एकताबद्ध राख्ने, फुट्न नदिने नै हुन्छ । कतिपय साथीहरु फुटे फुट्छ भन्दै पत्रकार सम्मेलनमै जुनसुकै परिणामका लागि तयार हौं भन्ने खालका अभिव्यक्ति दिइरहनु भएको छ। मैले त्यसको कुनै जवाफ दिएको छैन । म के भन्न चाहन्छु भने पार्टी फुट्दैन । र, फुटाउन कसैले सक्दा पनि सक्दैन ', प्रधानमन्त्री ओलीले भने, हप्ता दस दिन होइन, हप्ताभन्दा यतै ५ दिनमा फेरि मसाग प्रश्न गर्नुस्, के हुन्छ सिनारियो ।

बनावटी.......

धन्दा मा परिणत गर्दै जनताका कार्यक्रमहरुलाई भ्रष्टाचार गर्ने माध्यम बनाएको आरोप लगाएको छ ।

विज्ञप्तीमा भनिएको छ, देशका अधिकांश क्षेत्रहरुमा सरकारी तबर बाटै संस्थागत भ्रष्टाचार बढीरहेको विषयमा आइरहेका समाचारहरु, सूचनाहरुमा समेत हाम्रो गम्भीर ध्यानाकर्ष भएको सम्बन्धीत सबैमा जानकारी गराउाद छौं । स्थानीय तहमा हुने गरेका अधिकांश विकास निमार्णका योजनाहरु सत्तारुढ नेकपाका नेता, कार्यकर्ताहरुको आर्थीक आयको राम्रो माध्यम बनेको देखिन्छ । त्यस्ता योजनाहरु सरकारका आसेपासे र खल्तिका ठेकेदारहरुको लागि कमाउने भााडो सावित भएको प्रष्ट देखिएको छ । यस प्रकारको राज्य निकायको संस्थागत भ्रष्टाचार, अनियमितता माथि नियमन कसले गर्ने ?

भ्रष्टाचार निमुल पार्नका लागि संसदीय व्यवस्था भत्काउनुपर्नेमा जोड दिदै माओवादी केन्द्रले त्यसको नियन्त्रण राज्यका सम्बन्धीत निकायले नगर्ने हो भने आफ्नो पार्टीले क्रमिक रुपमा जनताको सचेतना बढाउादै महान जनविद्रोहको माध्यमबाट देशव्यापी आन्दोलन गर्ने र त्यसबाट उत्पन्न परिस्थितीको जिम्मेवार राज्य स्वयम् हुनुपर्ने भन्दै चेतावनी समेत दिएको छ ।

चेतावनीपूर्ण ढंगले विज्ञप्तीमा भनिएको छ, संस्थागत रुपमा बढेको भ्रष्टाचारको गम्भीर समस्या खडा भएको अवस्थामा राज्य मौन बस्ने हो भने, हाम्रो पार्टीको भ्रष्टाचार, अनियमितता र सामजिक अपराधलाई रोक्न सरोकारवाहरुलाई अपिल गर्ने, जनतालाई सचेत बनाउने र सम्बन्धीत पक्षले कार्यशैली नसुधारेमा क्रमस जनआक्रोशको सम्बोधन गर्दै निर्णायक आन्दोलनको प्रकृयामा अघि बढ्ने नीति स्वस्पष्ट नै छ ।

माओवादी केन्द्रले भ्रष्टाचारीलाई जन्मजात कैदको कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिदै भनेको छैं, भ्रष्टाचार सामाजिक अपराध र सुशासन विरोधी खतरनाक रोग हो । यसको मुख्य कारण दलाल संसदवाद नै हो । भ्रष्टाचार निमूल नहुादासम्म शान्ति, संवृद्धी र सुशासनको नाराको अर्थ रहदैन । अझै संथागत रुपमा मौलाउादै गएको भ्रष्टाचार र त्यसको साठगाठ हेर्दा त, नेपालमा भ्रष्टाचारीलाई जन्मकैदको सजाय गर्ने कानुनी व्यवस्था गर्नु आवश्यक छ। त्यसका लागि पहिलो सर्त दलाल संसदवादको अन्त्य अनिवार्य छ ।

सत्ताारुढ दलहरु, कर्मचारी र ठेकेदार हरुको मिलेमतोमा भ्रष्टाचार मौलाएको भन्दै माओवादी केन्द्रले त्यसमा राज्यका अन्य जिम्मेवार निकायहरुलाई ध्यान दिन आग्रह गरेको छ। उसले बर्दगोरियाको प्रस्तुत विवरणले संस्थागत भ्रष्टाचारको नमूना प्रस्तुत गरेको भन्दै विज्ञप्तीमा भनेको छ । कालेकाले मिलेर खाउा भाले भने झैं मिलिजुली भ्रष्टाचार को वास्तविक नमूना बर्दगोरियाको विवरणले प्रस्तुत गरेको हाम्रो ठहर छ ।

उच्च अदालत.......

मन्त्रिपरिषदको उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको पाटन उच्च अदालतका प्रवक्ता शम्भु रेग्मीले जानकारी दिएका छन् । अदालतले भट्टलाई पनि बोर्डको प्रमुख कार्यकारी अधिकृतको हैसियतमा कामकाज नगर्न आदेश दिएको छ ।

अधिवक्ता जयबहादुर भुजेलले भट्टको नियुक्तिविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, बोर्डको प्रमुख कार्यकारी अधिकृत सिफारिस समितिलगायतलाई विपक्षी बनाई रिट दायर गरेका थिए ।

हुम्लाको ताजककोट.......

तर पहिरोबाट मानवीय क्षति भने भएको छैन । पहिरोका कारण उत्तेसेनी गाउा समेत जोखिममा र हेको ३ नम्बर वडाका वडाध्यक्ष परिमल सुनारले बताएका छन् । उनका अनुसार साविक मैला गाबिसका १७० घरधुरी सबैभन्दा बढी जोखिममा रहेको त्यहाास्थित स्थानीय सन्तोष सुनारले फोन मार्फत् कदर लाई बताएका छन् । ताजाकोट स्थित छब्रेला बजारमा एक्कासी पहिरो खस्न गई प्राकृतिक विपत्ति हादा सो बजारमा सञ्चालित सम्पुर्ण पसल र घरहरु बगाउनुका साथै बचेका घर पसलहरु समेत क्षतिग्रस्त भएका छन् । घटना घटेपछि सर्वसाधारण उद्धारकार्यमा जुटिरहेको तर सो ठाउामा अरु कुनै सरकारी निकाय, जिल्लास्थित विपत व्यवस्थापन समितिका पदाधिकारी र गाउापालिकाको तर्फबाट एकाध पदाधिकारी मात्र पुगेको जानकारी स्थानीय मोहनलाल सुनारले कदर न्यूजलाई बताएका छन् । उनका अनुसार गाउापालिका अध्यक्ष काठमाण्डौतिर रहेको र आफूहरु अहिले ३ वडाध्यक्ष परिमल सुनार को घरमा बसेको र कोही डााडाडााडामा र पाखाहरुका पाल र टेन्ट हालेर बिजोग अवस्थामा बसेको र अहिले पनि पहिरो जाने क्रम नरोकिएको उनले बताए । पहिरोबाट मानवीय क्षती नभए पनि पशुचौपाय, बर्खे सबै बालीनाली , बजार र घरहरु पूर्णरुपमा पहिरोले बगाएर लगेको छ ।

पहिरोमा परी लक्ष्मी सुनुवार, धनरुप सार्की, मान बहादुर थापा, आदिचन्द सुनार, गार्ख थापा, महले सार्की, धर्म बहादुर शाही, टुङ्गी सुनार, पदम सुनार, दान बहादुर सुनुवार, कृष्ण बहादुर मल्ल, नानी मल्ल र मीनबहादुर शाही को घर बगाएर पूर्णरुपमा क्षति गरेको बताएका छन् । उनी भन्छन्, पहिरो माथिबाट खसिरहेको र वस्ती तलतिर भएकाले सो बस्ती उच्च जोखिममा रहेकाले वस्तीलाई नै सुरक्षित स्थान्तरण गर्नु पर्ने बताउछन् । बााकी रहेका गाउाबस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्नु अतिनै आवश्यक भएको स्थानीय मोहननाल सुनार बताउछन् ।

सोही पहिरो कारण साविक मैला गाबिस वडा नम्बर ४ का १७० घर तत्काल अन्यन्त्र सार्नुपर्ने तत्कालको आवश्यकता भएको छ। पहिरो गएर जनता न गाास र बासको अवस्थामा पुग्दा सम्म संघ र प्रदेश सरकारले कुनै सुनुवाइ नगरेको पहिरो पडित जनताको गुनासो छ । स्थानीयका अनुसार महिनौ दिन डााडा र पाखामा पालको भरमा दिन र रात बिताई रहेका जनताको पीडालाई स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारको नजरमा पुग्न सकेको छैन् । चुनावका बेला नेतालाई जिताएर गाउादेखि केन्द्रसम्म पुराउनका लागि हाम्रो ठुलो योगदान छ तर सरकारले पाल र एक छाक टार्ने व्यवस्था सम्म नमिलाउनु र देखेर पनि नदेखको जस्तो गरिहेको छ । एक महिना अघि देखि पालमा रात विताइरहेका ताजाकोट ४ निवासी उतिसेनिका २३ घरवस्ती , खर्रा देउलागैराका ७ घरवस्ती र भदालदिपुका ७ घरवस्ती रोएर दिन रात काटिरहेका छन। धन्न स्थानीय सरकारले पालको व्यवस्था गरेपछि खुला आकास मुनीको शरीर ढाक्न सकेका छन् । तर आजसम्म पनि संघ र प्रदेश सरकार मुखदर्शक भएर टुलुटुलु हेरिरहेको छ ।

शैक्षिक सस्था, रेष्टुरेन्ट.......

घरबाटै गर्ने व्यवस्था मिलाउन आग्रह गरेका छन् ।

सरकारी तथा गैरसकारी संस्थामा ५० प्रतिशत कर्मचारीमात्रै कार्यालयमा आउने र बााकीले घर बाटै काम गर्ने व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । बढी जनसम्पर्क हुने कार्यालयका सेवा अनलाइनबाट सम्भव नदेखिए अर्को निर्णय नभएसम्म बन्द गर्न उनले आग्रह गरेका छन् ।

**होटल, रेष्टुरेन्ट बसेर खान नपाइने, टेक अवेमात्रै**

सरकारले होटल तथा रेष्टुरेन्टमा बसेर खान नपाइने नियम पुनः लागू गरेको छ ।

साउन १५ देखि रेष्टुरेन्टमा बसेर खान पनि पाइने नियम लागू भएकोमा र कोरोना महामारी बढेकोले फेरि टेक अवेमात्रै गर्न मिल्ने बनाइएको सरकारका प्रवक्ता युवराज खतिवडाले जानकारी दिएका छन् ।

होटल रेष्टुरा खोल्ने भनिएको थियो। अब होटल र रेष्टुराबाट तयार गरेको खाद्य परिकार लैजाने सेवा टेक अवेमात्र दिने निर्णय भएको छ, मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्दै उनले भने, स्वास्थ्य सुरक्षाका उपाय अपनाएर परिचालित हौऔं भन्दा मास्क नलगाउने र भीडभाड बढेपछि टेक अवेमात्रै सञ्चालन गर्न दिइएको हो ।

**दश नाकाबाट मात्रै नेपाल आउन पाइने**

सरकारले १० वटा नाकाबाट मात्रै नेपाल आउन पाइने बताएको छ ।

स्वदेश आउनै पर्ने नेपालीलाई स्थलमार्गबाट आउन यसअघि २० नाकाबाट प्रवेश दिइएकोमा अबदेखि १० नाकाबाट मात्रै नेपाल भित्रन दिइने निर्णय गरेको सरकारका प्रवक्ता युवराज खतिवडाले जानकारी दिए ।

उनका अनुसार काकाडभिट्टा, रानी, माडर, गौर, वीरगञ्ज, बेलहिया, कृष्णनगर, जमुनाहा, गौरीफन्टा र गड्डाचौकीबाट मात्रै नेपाल आउन पाइनेछ ।

मन्त्रिपरिषदले गरेको यो निर्णय राजपत्रमा प्रकाशित भएपछि लागू हुने उनले बताए। यसअघि जेठ १२ को निर्णयमा २० नाकाबाट नेपाल प्रवेश गर्न सकिने निर्णय गरिएको थियो । त्यसमा मन्त्रिपरिषदले संशोधन गर्दै १० नाकामा झारेको हो ।

सीमा नाका भने भदौ ३१ गते बुधबार सम्म बन्द गर्ने निर्णय मन्त्रिपरिषदले गरेको छ । मालसामान ढुवानी र जोखिममा रहेका नेपालीलाई नाकाबाट आउन दिइने बताएका छन् ।

कोरोना लकडाउन.....

राज्य सयन्त्रले कोरोना संक्रमण कसरी निस्तेज पार्न सक्छ यो नै चिन्ताजनक बिषय भएको छ। आखिर किन यस्तो हर्कत र रबैया देखाई रहेको छ सरकार ? किन आइसोलेसनको व्यवस्था गर्न सक्दैन सरकार ? किन क्वारेन्टाइनको राम्रो व्यवस्था गर्न सक्दैन सरकार ? अर्को तिर देशमा कोरोना संक्रमण बढेको बढ्यै छ, अहिले पहिलेको भन्दा कोरोना संक्रमणबाट मर्नेहरुको संख्या पनि दिनप्रतिदिन बढ्ने क्रम जारी छ । तर सरकार अझै सुस्त गतिमा हिडिरहेको छ ।

**यो राज्यको कमजोरी हो ।**

त्यसैले कुनै पनि काम सेफ र सावधानी पूर्वक बजार खोल्ने र व्यापार व्यावसाय संचाल गर्न सकियो भने कोरोनालाई लकडाउन लगाउनै पर्दैन। तर नेपालीमा त्यसको जनचेतना नभएको कारणले पनि यस्तो हुन आएको हो । जनचेतनाको लागि सरकारले पनि त्यस्ता खालका कार्यक्रम ल्याएर जनतामा सामु जानसक्नु पर्यो । हैन भने कति दिन, कति महिना, त्यसपछि बषौंसम्म कोरोना फैलिरहला अनि सरकारले यसरी निषेधाज्ञा लगाउदै जाने हो भने जनता त कोरोनाले भन्दा खान नपाएर भटाभट मर्न सक्ने दिन पनि नआउला भन्न सकिन्न । अहिले जनमानसमा कोरोनाको त्रास छदैछ अबत कोरोना भन्दा भोकले पो मर्ने हो की भन्ने डर भइसक्यो ।

कोरोना लागेपछि समाज मात्र नभएर आफ्नै परिवारबाट समेत अपहेलित हुनुपर्ने हुदो रहेछ । समाजबाट तिर स्कृत भइदो रहेछ आखिर किन ? यसप्रति पनि सरकारले जनचेतनाको कमजोरी गरिरहेको छ। एक त रोगले अलग बस्नु परेकै छ तर पनि समाज र परिवारले हेर्ने दृष्टिकोणले बिरामीलाई झन पिडा बनाउने काम नगरौं बरु हौसला र रोगबाट लड्न सक्ने क्षमताको खुशीयाली दिलाऔं ।

कोरेनाबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं !
सेनिटाइजरको प्रयोग गरौं वा नियमित साबुन पानीले हात धुने गरौं ।

आफ्नो घर आँगन सफा राखौ, विकास निर्माणका काममा जन सहभागिता जुटाऔं, नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं, नगरपालिका भित्र संचालन हसुने सम्पूर्ण व्यापार व्यावसाय नगरपालिकामा दर्ता गरेर मात्र संचालन गरौं, नगर पालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरी जरिवनाबाट बचौं, व्यक्तिगत घटना दर्ता (विवाह, बसाई, सराई, जन्मदर्ता, मृत्यु दर्ता) समयममा गरौं, छाडा चौपायां नियन्त्रण गरौं, सडकमा नछाडौं, बालबालिकालाई बिद्यालय पठाऔं, काममा नलगाऔं, हावाहुरी चल्ने समयमा आगो जथभावी नबालौं, बालेपछि काम समिनासाथ तुरुन्तै निभाउने गरौं ।

नेपाल सरकार
चाँगुनारायण नगरपालिका नगर कार्यापालिकाको कार्यालय
खरीपाटी, भक्तपुर

# आजबाट शुरू गर्ने भनिएको फुटबल प्रशिक्षण स्थगित

काठमाडौं। नेपालको राष्ट्रिय फुटबल टिमले भाद्रदेखि शुरु गर्ने भनिएको प्रशिक्षण स्थगित भएको छ। अक्टोबर



रनोभेम्बरमा हुने भनिएको फिफा विश्वकप र एएफसी एसिया कपको संयुक्त छनोट खेलहरु २०२१ मा सरेपछि नेपाली फुटबल टिमको प्रशिक्षण सुरु नहुदै स्थगित भएको हो । नेपाली टिमका व्यवस्थापक मधुसुदन उपाध्यायले अब एएफसी बाट अर्को सूचना नआएसम्मका लागि फुटबल खेलाडीको प्रशिक्षण स्थगित भएको जानकारी दिए ।
एएफसीबाट अर्को सूचना नआए सम्मका लागि प्रशिक्षण स्थगित गरिएको छ ' उपाध्यायले भने। उनले कोरोना परीक्षण गरिएका खेलाडीहरु अब आ-आफ्नो घर जाने बताए ।

विश्वकप छनोट अन्तर्गतका खेलहरु २०२१ मा हुने भनिएपनि कुन मितिमा हुने तोकिएको छैन। छनोट खेल सरेपछि अब नेपाली फुटबल टिमले अन्तर्राष्ट्रिय खेल खेल्न २०२१ सम्म कुर्नुपर्नेछ। यसको अर्थ २०२० को बााकी साढे ४ महिना नेपालले कुनै खेल खेल्ने छैन ।
सरकारले केही समयअघि लकडाउन खुला गर्दै भदौ १ देखि जनस्वास्थ्यको मापदण्ड अपनाएर अन्तर्राष्ट्रिय स्तर को प्रशिक्षण सुरु गर्न सकिने निर्णय गरेको थियो ।

एन्फाले खेलाडी, कोचिङ स्टाफ, अफिसियल र होस्टलको स्टाफ गरेर कूल ५४ जनाको कोरोना परीक्षण गराएको थियो ।
एन्फाले प्रशिक्षण सुरु गर्नका लागि एन्फाको होस्टल खाली गरेर निर्मलीकरणसमेत गरेको थियो। तर पछिल्लो समय उपत्यकामा कोरोना संक्रमणको दर बढेपछि सातदोबाटो स्थित एन्फा केन्द्रीय कार्यालय पनि बिहीबारदेखि एक साता बन्द भएको छ ।

### (फिफा)को महिलातर्फको वरियतामा नेपाल ९९औं स्थानमा

विश्व फुटबल महासङ्घ (फिफा)को महिलातर्फको वरियतामा नेपाल ९९औा स्थानमा यथावत रहेको छ । कोरोना भाइरसका कारण कुनै पनि अन्तर्राष्ट्रिय खेल नहुादा त्यसको प्रभाव फिफा वरि यतामा पनि परेको हो ।
एशियाली देशतर्फ नेपाल २१औा स्थानमा छ। दक्षिण एशियाली देशको वरियतामा नेपालको स्थान दोस्रो छ। यस्तै फिफा वरियतामा दक्षिण एशियाली देश भारत ५५औा, बंलादेश १३४औा, श्रीलङ्का १४०औा, माल्दिभ्स १४२औा तथा भुटान १५४औा स्थानमा रहेका छन् ।
विश्व वरियतामा अमेरिका पहिलो, जर्मनी दोस्रो, फ्रान्स तेस्रो, नेदरल्यान्ड्स चौथो, स्विडेन पााचौा, इङ्ल्याण्ड छैटौा, अष्ट्रेलिया सातौा, ब्राजिल आठौा, क्यानडा नवौा र उत्तर कोरिया १०औा स्थानमा रहेका छन् ।

# ओलम्पिकको तयारी कराँते खेलाडीहरुको प्रशिक्षण स्थगित



काठमाण्डौ । जापानको राजधानी टोकियोमा आयोजना हुने ओलम्पिकको तयारीका लागि जारी करााते खेलाडीहरुको प्रशिक्षण स्थगित गरिएको छ । कोरोना भाइरसको महामारीका कारण करााते खेलाडीको प्रशिक्षण स्थगित गरिएको हो । करााते मुख्य प्रशिक्षक दीपक श्रेष्ठले एक विज्ञप्ति जारी गर्दै प्रशिक्षण एक साताका लागि बन्द गरिएको बताएका छन् । खेल क्षेत्रका विभिन्न व्यक्ति कोरोना संक्रमित भएको खबर प्राप्त भएकाले नेपाल सरकारको निर्देशनको पालना गर्दै करााते प्रशिक्षण हाललाई बन्द गरिएको विज्ञप्तिमा उल्लेख छ ।

करााते खेलाडीले ओलम्पिकको तयारीका लागि सातदोबाटो करााते एकेडेमीमा अभ्यास गर्दै आएका थिए । सन् २०२१ को जुलाई २३ तारिखदेखि अगस्ट ८ सम्म टोकियोमा हुने ओलम्पिकका लागि करााते टोलीले असारदेखि अभ्यास गर्दै आएको थियो ।

## माक्स लगाऔं, सेनिटाइजसरको नियमित पर्योग गरौं ।

# मेस्सीको बार्षा छोड्ने चर्चा सँगै भित्र्याउनेको पनि होडबाजी

एजेन्सी, काठमाण्डौ । बार्सिलोनाका स्टार खेलाडी लियोनेल मेस्सीले बार्षा छोड्ने चर्चा चलेको छ । तर बार्षा साग गरिएको सम्झौता पनि सकिन लागेको पनि हो । तर मेस्सी बार्षा पछि कुन क्लबमा जान्छन् भन्ने अहिल्यै एकिन गर्न सकिदैन । तर पनि उनलाई आफ्नो क्लबमा तान्नलाई होड बाजी नै चलेको छ । मेस्सीको यो चर्चाले म्यान्चेस्टर सिटी उनलाई



आफ्नो क्लबमा भित्र्याउन तयार रहेको बताइएको छ। ३३ वर्षीय खेलाडी पछिल्लो समयमा बार्षाबाट रुष्ट रहेको बताइन्छ ।

डेली मिररको एक रिपोर्टकम पूर्वम्यानेजर पेप ग्वार्डिओलासाग मेस्सीको पुनर्मिलन गराउन जुनसुकै मूल्य तिर्न तयार रहेको उल्लेख गरिएको छ । पेपकै कारण अरु क्लबको तुलनामा सिटीले मेस्सीलाई अनुबन्ध गर्ने सम्भावना बढी रहेको पनि रिपोर्टमा उल्लेख गरिएको छ ।

क्लबको नेतृत्वसाग विवादका कारण मेस्सीले क्लब छाड्ने चर्चा चलिरहेको छ । पछिल्लो समय इन्टर मिलानले पनि मेस्सीलाई अनुबन्ध गर्ने इच्छा व्यक्त गरेको छ ।

गत दुई सिजन रोमा र लिभरपुलसाग निरास बनेको बार्सिलोनाले यो सिजन बायर्न म्यनिखसाग लज्जास्पद हार ब्यहोरेको थियो । यो सिजन ३१ गोल र २६ एसिस्ट गर्दै बार्सिलोनालाई डोर्याएका मेस्सीले च्याम्पियन्स लिगमा भने टोलीलाई जिताउन सकेनन् । हेरौ मेस्सी कुन क्लबमा अनुबन्ध हुनेछन् त्यो भने पछि नै थाहा हुने छ ।

IT Solution With MK
Kalanki-14, Kathmandu
हाम्रो सेवाहरु
Computer Repair
Laptop Repair
Printer Repair
Software installation
Data Recovery
Flex print , Sticker
ID card,Bill, logo
Stamp,Offset print,
T-shirt Visiting Card
Leaflet, and many more
Tonner Refil and many More
Home Delivery
9806268162 9860336062

# "श्रीमती जिन्दावाद" रिजिल




काठमाण्डौ। नेपाली बजारमा हास्य सिरियलहरुको बजार नै भएको बेला "श्रीमती जिन्दावाद" पनि थपिने भएको छ। साउन ३० गते शुक्रबार का दिन ग्लोबल ओरेन्ज टिभीको युट्युव सिरियल धारावाहिक रुपमा प्रसारण भएको छ।

कृष्ण मल्लको निर्देशनमा रहेको सिरियल हास्यरसमा निर्माण भएको छ।१३ बर्ष अगाडि नेपाल टेलिभिजन बाट प्रसारण समेत भएको यो सिरियल त्यतिबेला दर्शक माझ लोकप्रिय थियो। दर्शकको चाहना र बदलिादो परिस्थिति अनुरुप फेरि डिजिटल प्लेटफर्ममा ल्याइएको निर्देशक मल्लले जानकारी दिएका छन्।

विशुद्ध मनोरञ्जन पस्कने उद्देश्यले निर्माण भएको स्वस्थ, सौन्दर्य र सामाजिक परिवेशका बिषय उठाइएको सिरियलका निर्माताराजन घिमिरे बताउाछन्। सिरियलमा कृष्ण मल्ल, शर्मिला मल्ल, रमेश बुढाथोकी, सुभाष गजुरेल, नारायण त्रिपाठी, स्व.भिमबहादुर थापा, निला बस्नेत, रवि डङ्गोल, उत्तम केसी, पल्लवी भट्टलगायतका कलाकारको अभिनय रहेको छ।

निर्देशक कृष्ण मल्ल अहिले अर्को सिरियल तातो न भुत्लो को तयारीमा छन्।

# रणबीर र कोनकोनाबीच डिर्भोस

एजेन्सी, काठमाण्डौ। बिवाह गरे पनि पहिलेदेखि अलग बस्दै आएका बलिउड अभिनेता रणवीर सुरी र अभिनेत्री कोनकोना सेन शर्माले डिभोर्स गरेका छन्।



टाइम्स अफ इन्डियाका अनुसार उनीहरुको औपचारिक रुपमा डिभोर्स भएको हो।

दुबै जनाको डिभोर्स एकदमै शान्त रुपमा भयो। कुनै झै-झगडा र तनाव देखाएनन्, स्रोतले भनेको छ।

अभिनेत्री कोनकोनाकी प्रतिनिधि अम्रुता साठे पाठकले पनि उनीहरुको डिभोर्स भएको र शान्तिपूर्ण तरिकाले भएको बताएकी छन्।

दुवै सुल्झेका मान्छे हुन्। दुवैले एकअर्कासाग सम्बन्ध टिकाउन प्रयास पनि गरे। परामर्शका लागि पनि गए, अम्रुताका भनाइ उद्धृत गर्दै हिन्दुस्तान टाइम्सले लेखेको छ।

रणवीर र कोनकोनाको सन् २०१० मा बिहे भएको थियो। पााच वर्षपछि सन् २०१५ मा उनीहरु छुट्टिएका थिए। तर सन् २०२० फेब्रुअरीमा मात्र डिभोर्सका लागि आवेदन दिएका थिए।

डिर्भोस गरेका रणबीर र कोनकोना बाट ८ वर्षका छोरा रहेको बताइएको छ।

## डल्लीमा विकास र एलिनाको रोमाञ्च

काठमाडौं। गायिका एलिना चौहान र गायक विवेक चौलागाईको स्वर मा रहेको डल्ली बोलको गीत सार्वजनिक भएको छ। भिडियो सहित सार्वजनिक गीतमा शब्द, संगीत प्रभावन जेको रहेको छ। बिकास लामिछाने, एलिना चौहान, राजाराम गौतम र विपना चौलागाईको अभिनय रहेको भिडियो प्रभावन जेले नै निर्देशन गरेका हुन्। भिडियोमा ज्ञानेन्द्र शर्मा हुंमागाईको छायाकन, डिनशन शाहको सम्पादन रहेको छ। रोमान्टीक प्रेमकथा बुनिएको भिडियो पर्यटकीय नगरी धुलिखेलको पात्लेखेतमा छायााकन गरिएको हो।

**कोभिड- १९ को संक्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलरुले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरु गर्दा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वार्णिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालाना गरौं।**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
सुचना तथा प्रशारण विभाग

**सूचना ! सूचना !! सूचना !!!**

**कदर मिडिया प्रा. लि. द्वारा**
संचालित, प्रकाशित
**www.kadarnews.com**
अनलाईन पत्रिका संचालनमा आएकोले सबै जनमहानुभावलाई लेख, रचना, समाचार र कविता र अन्य खोजमूलक समाचार तथा सबै खाले **बिज्ञापन** पठाइदिन अनुरोध छ।

**कदर मिडिया प्रा. लि.**
चनपा-१२, बलम्बु, काठमाण्डौ
सर्म्पक : ९८५१२४६५२०
ईमेल : kadarnews@gmail.com
kadarp792@gmail.com
kadarmedia@gmail.com